# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ४, अङ्क ४३, पूर्णाङ्क १८९ | २०७६ वैशाख ११ गते बुधबार | Wednesday, 24 April 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## विद्यार्थीले दिए शिक्षामन्त्रीलाई ज्ञापनपत्र



**काठमाडौँ** : विप्लव नेकपा निकट अखिल क्रान्तिकारीले विभिन्न मागहरू राख्दै शिक्षामन्त्रीलाई मंगलबार सिंहदरबारभित्रै ज्ञापनपत्र बुझाएको छ।

६ बुँदे ज्ञापनपत्रमा निजी शिक्षणसंस्थाहरूले देशव्यापी वृद्धि गरेको ४० प्रतिशतसम्म शुल्क फिर्ता लिन र शुल्कवृद्धि गर्नेहरूलाई कारबाही गर्न, सरकारी सामुदायिक विद्यालयहरूमा नेपाली र अङ्ग्रेजी माध्यमबाट अध्यापन गर्ने नाउँमा लिइएको शुल्क तत्काल फिर्ता गरी निःशुल्क अध्ययन गर्ने वातावरण

बाँकी पृष्ठ ७ मा

## भ्रमपूर्ण समाचारको खण्डन



**काठमाडौँ** : नेकपाका पूर्वी कमान्ड इन्चार्ज अनिल शर्मा विरहीले आफ्नो नाम जोडेर केही सञ्चारमाध्यममा पार्टीलाई सरकारसँग वार्ताका लागि दबाब दिएको भन्ने समाचार नियोजित र भ्रामक रहेको भन्दै खण्डन गरेका छन्।

वैशाख ८ गते आइतबार विज्ञप्ति जारी गर्दै विरहीले भनेका छन्, 'केपी वली र बादल सरकारले नेकपाका विरुद्ध प्रचारयुद्धलाई घनीभूत बनाएको छ। मेरो नाम जोडेर नेकपाको नेतृत्वलाई वार्ताका लागि दबाब दिएको भनी सार्वजनिक भएको समाचार भ्रमपूर्ण, कपोलकल्पित हुनुका साथै फुटाऊ र राज गर भन्ने मनसायबाट निर्देशित छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'सैद्धान्तिक रूपमा हामी वार्ताका विरोधी होइनौँ भन्ने कुरा पटकपटक सार्वजनिक गर्दै आएका छौँ तर अहिले वार्ताको न सन्दर्भ छ, न त औचित्य नै। यसप्रकारको समाचारमा कुनै सत्यता नरहेको तथा पार्टीको नीति र कार्यक्रमप्रति हामी सबै दृढ रहेको सबैमा अपिल गर्दछु।'


# नेकपामाथिको प्रतिबन्ध फुकुवा माग गर्दै आन्दोलन

## पाँच पार्टीबीच कार्यगत एकता










■ **रातो खबर संवाददाता/काठमाडौँ**

केपी शर्मा वलीको सरकारले विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमाथि लगाएको प्रतिबन्ध, नागरिकता, भ्रष्टाचार र हत्यालाई लिएर पाँच पार्टीले १० गते बुधबार संयुक्त वक्तव्य निकाली आन्दोलनको घोषणा गरेका छन्। वक्तव्यमा भनिएको छ, 'केपी शर्मा वली नेतृत्वको सरकारले देश र जनताका विरुद्ध गरेका गम्भीर राष्ट्रघात र जनघातले नेपाली समाज आक्रान्त छ। यस परिस्थितिमाथि ध्यान दिँदै हामी निम्नलिखित राजनीतिक पार्टी र सङ्गठनका प्रतिनिधीका बीचमा भएका सौहार्दपूर्ण छलफलहरूबाट मिल्नसक्ने निम्नअनुसारका साझा विषयहरूमा कार्यगत एकता गर्ने सहमतिमा पुगेका छौँ :

१. जन्मका आधारमा नागरिकता भएका व्यक्तिका सन्तानलाई वंशजको नागरिकता दिनका लागि सत्ता पक्षबाट चालू संसद्मा प्रस्तुत संशोधन प्रस्ताव विचाराधीन रहेकै अवस्थामा गृह मन्त्रालयले सर्कुलर जारी गर्दै वंशजको नागरिकता वितरण गरेकोमा हामी त्यसको भर्त्सना गर्दछौँ र संशोधन प्रस्तावलाई फिर्ता लिई उक्त सर्कुलरका आधारमा वितरण गरिएका नागरिकता रद्द गर्न माग गर्दछौँ।

२. भारतले तयार पारेको नक्कली नक्सामा नेपालको लिपुलेक, कालापानी, लिम्पियाधुरा भारतमा गाभेर हाम्रो ३७२ वर्गकिलोमिटर जमिन गायब पारिएको छ। उक्त नक्सामाथि प्रतिबन्ध लगाएर नेपाल सरकारले आफ्नो भूभाग सुरक्षित भएको नक्सा तयार पार्न हामी माग गर्दछौँ।

३. राजनीतिक पूर्वाग्रहका आधारमा नेकपामाथि जुन प्रतिबन्ध लगाइएको छ, त्यसलाई तुरुन्त खारेज गर्न माग गर्दछौँ।

४. वाइडबडी विमान प्रकरणमा संलग्न भ्रष्टाचारीहरू तथा हालै प्रधानमन्त्री निवाससहित बालुवाटारको जग्गा व्यक्तिका नाममा लैजाने भ्रष्टाचार काण्डमा संलग्न सबैलाई कारबाहीको माग गर्दछौँ। एनसेलले तिर्नुपर्ने अर्बौं रूपैयाँ कर तुरुन्त असुली गरियोस् भन्ने माग गर्दछौँ।

५. तस्करीको ३८ क्विन्टल र साढे ३३ किलो सुन कहाँ छ ? यो सार्वजनिक गरी संलग्नहरूमाथि कारबाही गरियोस्।

६. कञ्चनपुर भीमदत्त नगरपालिकाकी किशोरी निर्मला पन्तको बलात्कार र हत्यामा संलग्न अपराधीहरूलाई सार्वजनिक गरी कारबाही गरियोस्।

उपरोक्त मागहरू अविलम्ब पूरा गर्नका लागि हामीले यो संयुक्त वक्तव्य जारी गरेका छौँ। यसका साथै यही वैशाख २७ गते शान्तिवाटिकामा संयुक्त विरोधसभा पनि आयोजना गर्ने निर्णय गरेका छौँ। उपरोक्त मागहरू सबैका साझा माग भएकाले यो सङ्घर्षमा सामेल हुन हामी सबै जनपक्षीय शक्ति र व्यक्तिहरूलाई समेत आग्रह

बाँकी पृष्ठ ७ मा

# नेकपा स्थायी समिति सदस्य सुदर्शन जेल चलान

## ६ जनालाई नै नक्खु कारागार पठाइयो, जबर्जस्ती फसाउन खोजियो : सुदर्शन

■ **रातो खबर संवाददाता/काठमाडौँ**

जिल्ला अदालत ललितपुरले नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' सहित ६ जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ।

अदालतले मङ्गलबार यस्तो आदेश दिएसँगै नेता सुदर्शनसहित ६ जनालाई नक्खु कारागार पठाइएको छ। महानगरीय अपराध अनुसन्धान महाशाखाको टोलीले गत चैत ९ गते नेता सुदर्शनलगायतलाई काभ्रेबाट गिरफ्तार गरेको थियो।

अदालतले नेता सुदर्शनसँगै शिव धिमाल, दिकेन्द्र राई, रामकृष्ण खतिवडा, ईश्वर दमाई र वीरबहादुर कठायतलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो।

नक्खु विस्फोटको जिम्मेवारी लिएसँगै प्रहरीको सर्वाधिक खोजीमा रहेका नेता सुदर्शनलाई महानगरीय प्रहरी अपराध महाशाखा विशेष ब्युरो र काभ्रेको प्रहरी टोलीले गिरफ्तार गरेका थिए।



निजी जिपमा काठमाडौँ

... बाँकी पृष्ठ ७ मा

# नेकपाका केन्द्रीय सदस्य आदर्श र असलसहित चारजना गिरफ्तार

■ **रातो खबर संवाददाता/काठमाडौँ**



नेकपाका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श', चन्द्रबहादुर खड्का 'असल' र सहिद परिवार लालबहादुर ओली 'विश्व' लाई वैशाख ६ गते दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिकाबाट केपी-बादल गृहप्रशासनले गिरफ्तार गरेको छ।

यसैगरी रोल्पा बाघमारामाको मेलाबाट रोल्पा जिल्ला सेक्रेटरी चित्रबहादुर बुढालाई पनि गिरफ्तार गरेको समाचार प्राप्त भएको छ। उनीहरूलाई कहाँ लगेको हो भन्ने कुनै जानकारी प्राप्त भएको छैन।

यसअघि नेता खड्कालाई २०७५ भदौ ५ गते काठमाडौँ जाँदै गर्दा धादिङको नौबीसेबाट सादा पोसाकका प्रहरीले गिरफ्तार गरी बुटवलको इलाका प्रहरी कार्यालय हिरासतमा राखेको थियो। उनलाई गिरफ्तार गरेको दुई दिनपछि मात्र बुद्ध एयरबाट बुटवल ल्याइएको थियो।

# दमन नरोके सशक्त प्रतिरोध गर्छौं : विप्लव

■ **रातो खबर संवाददाता/काठमाडौँ**



नेपाल कम्युस्टि पार्टीका महासचिव विप्लवले सरकारले आफ्नो पार्टी र जनवर्गीय सङ्गठनमाथि लगाएको प्रतिबन्ध नहटाउने र नेता-कार्यकर्ताको गिरफ्तारी नरोक्ने हो भने सरकारको कारबाहीविरुद्ध सशक्त प्रतिरोध गर्ने चेतावनी दिएका छन्। यही वैशाख ७ गते निकालिएको वक्तव्यमा भनिएको छ,"सामाजिक फासिवादी केपी–प्रचण्डको सरकारले हाम्रो पार्टी र जनवर्गीय सङ्गठनमाथि उसैले भन्दै आएको उत्कृष्ट संविधानको बर्खिलाप गएर प्रतिबन्ध लगाएदेखि नेता, कार्यकर्ता, समर्थक, शुभचिन्तक र आमजनतालाई विभिन्न आरोपमा गिरफ्तार गरेर चरम यातना दिइराखेको छ। यसै सिलसिलामा फासिवादी सरकारले वैशाख ६ गते केन्द्रीय सदस्यहरू चूडामणि ओली 'आदर्श', चन्द्रबहादुर खड्का 'असल' र विश्वलाई पुनः गिरफ्तार गरेको छ। सरकारको यस्तो रवैयाको हाम्रो पार्टी घोर विरोध गर्नुका साथै तुरुन्त रिहाइ गर्न माग गर्दछ। केपी सरकारले हाम्रो पार्टीमाथिको दमन रोकेन, प्रतिबन्ध हटाएन, गिरफ्तारी रोकेन भने हामी यसका विरुद्ध सशक्त प्रतिरोध गर्न बाध्य हुनेछौँ। हामी अहिले पनि भन्दैछौँ, हामीलाई बाध्य नपारियोस्। जनतालाई साथमा लिएर गरिने यस्ता प्रतिरोधबाट निस्कने परिणामको जिम्मेवार यो सरकार नै हुनेछ।'

स्मरण रहोस् केपी सरकारले गत फागुन २८ गतेदेखि विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाएको छ। त्यसपछि ठूलो सङ्ख्यामा नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरेको छ। यसरी गिरफ्तार हुनेमा स्थायी समिति सदस्य सुदर्शन, पोलिटब्युरो सदस्य मोहन कार्की, केन्द्रीय

... बाँकी पृष्ठ ७ मा

# उत्पीडित वर्गको सैन्य रणनीति

*'हरेक पुरानो समाजको गर्भबाट नयाँ समाज जन्माउन बलले सुँडेनीको काम गर्दछ।'*

***– मार्क्स, पुँजी– भाग १, १८६७, पृष्ठ ७९०, हिन्दी।***

*'उत्पीडित वर्ग जसले हतियार चलाउन र हतियार प्राप्त गर्न सिक्दैन भने ऊ दासको व्यवहार गरिन लायक छ।'*

***– लेनिन, सर्वहारा क्रान्तिको सैन्य कार्यक्रम, १९१६, ग्रन्थ २३– पृष्ठ ८०, अङ्ग्रेजी संस्करण।***

*'... बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउनैपर्छ।'*

***– माओ, युद्ध र रणनीतिका समस्याहरू, १९३८, चुनिएका रचना– ग्रन्थ २, पृष्ठ २२५, अङ्ग्रेजी संस्करण।***

**१) भूमिका**

नेपालमा हामीले दस वर्षको महान् जनयुद्धबाट जन्माएको जनमुक्ति सेना गुमाएका छौँ। गद्दार प्रचण्ड र बाबुरामले गर्दा नेपाली श्रमजीवी तथा उत्पीडित जनताले प्राप्त गरेका उपलब्धिहरू सबै गुमेका छन्। हामीले यो धोका र गद्दारीको भण्डाफोर गर्दै उत्पीडित वर्गको नयाँ समाज जन्माउने 'सुँडेनी' सङ्गठित गरिरहेका छौँ। बच्चा त आमाको गर्भमा छट्पटाइरहेको छ। हामीलाई त्यो बच्चा जन्माउने सिपालु र अनुभवी सुँडेनीको आवश्यकता परेको छ। त्यसलाई खतराबाट बचाउँदै क्रान्तिकारी कार्यदिशाबाट दीक्षित सुँडेनी हामीलाई चाहिएको छ। यहाँ हामी उत्पीडित वर्गको सैन्य कार्यदिशाबारे केन्द्रित भएर यो आलेखमा विश्लेषण र संश्लेषण गर्ने कोसिस गर्दैछौँ।

**२) समस्याहरू**

पहिलो कुरा, हाम्रो कार्यदिशा लेनिनले विकास गरेको सशस्त्र जनविद्रोह हो वा माओले विकास गरेको जनयुद्ध भन्ने कुरामा धेरै मानिसहरू अलमलमा छन्। हामीले यी दुवै कार्यदिशाको विकासका अर्थमा एकीकृत जनक्रान्तिको कार्यदिशा संश्लेषण गरेका छौँ। दोस्रो कुरा, कतिपय मानिसहरूले के प्रश्न उठाइरहेका छन् भने आजको युगमा सशस्त्र क्रान्तिद्वारा सत्ता कब्जा गर्ने कुरा कति सम्भव हुनसक्छ ? सशस्त्र क्रान्ति सम्भव भए त प्रचण्ड र बाबुराम जनयुद्धबाट फर्केर संसदीय व्यवस्थामा आउने थिएनन्। वैभवशाली साम्राज्यवादी देशहरूले निःशस्त्रीकरणको नारा लगाइरहेका छन्। लड्नै थालेका अमेरिका र जनगणतन्त्र कोरिया (उत्तरकोरिया) त सिङ्गापुर वार्तामा पुगे। बरु नेपाल कम्युनिस्ट पार्टी र सरकारले वार्ताबाट समस्याको समाधान गर्नुपर्छ। यस्ता कुराहरू पनि चलिरहेका छन्। संशोधनवादीहरू जो नवप्रतिक्रियावादमा पतन भइसकेका छन्, उनीहरूले के हल्ला फैलाइरहेका छन् भने आजको विज्ञान र प्रविधिको युगमा सशस्त्र क्रान्ति गर्न असम्भव छ। हामीले संविधानमै 'समाजवाद' उल्लेख गरेका छौँ। त्यसकारण संविधानप्रक्रियाबाटै समाजवाद ल्याउन सकिन्छ।

**देश/परिवेश**

■

हेमन्तप्रकाश ओली 'सुदर्शन'



... क्रमशः पृष्ठ ३ मा

वर्ष ४, अङ्क ४३, पूर्णाङ्क १८९
रातो खबर साप्ताहिक

## सम्पादकीय

# नागरिकता वितरणको रहस्य

अहिले नेपालमा नागरिकता वितरणलाई लिएर बहस चलेको छ। केही दिनअघि मात्र गृह मन्त्रलायले २०४७ सालअघि नेपालमा जन्मिएकाका सन्तानलाई वंशजका आधारमा नागरिकता दिन आन्तरिक परिपत्र गरेको थियो। उक्त परिपत्रमाथि विरोध गर्दै वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। पहिलो अदालतले नागरिकता वितरणमा रोक लगाउने आदेश दिएको थियो तर पछि उक्त रिट नै खारेज गरिदियो। अदालतको यस्तो रबैयाले एकातिर संसदीय व्यवस्थामा न्यायालय स्वतन्त्र हुन्छ भन्ने कुरालाई अस्वीकार गरेको छ भने अर्कोतिर राज्य जसरी वैदेशिक शक्तिको फन्दामा पर्दै गएको छ, न्यायालयमा त्यसको प्रभाव पर्दै गएको छ भन्ने पुष्टि हुँदै गएको छ।

यहाँ कुरा उठ्न सक्छ- किन यो नागरिकता वितरणको विरोध गर्ने ? पहिलो कुरा के हो भने संसदीय व्यवस्थामा संसदीय पद्धतिलाई सर्वोपरि मान्ने गरिएको छ। अहिलेको संसद्मा विधेयक दर्ता भएर समितिमा छलफल भैराखेको छ। यस्तो अवस्थामा संसद्लाई उपमार्ग प्रयोग गरेर गृहमन्त्री रामबहादुर थापाले जे गरे उनीहरूकै भाषामा भन्ने हो भने यो संसदीय पद्धतिको उल्लङ्घन हुन आउँछ। त्यसैले यति हतारका साथ रामबहादुर थापाले नागरिकता दिनका लागि आन्तरिक रूपमा किन परिपत्र गरेका थिए भन्ने प्रश्न सहजै उठ्दछ।

नागरिकताका सम्बन्धमा नेपालको संविधान २०७२ मा नै गलत प्रावधान राखिएको छ। संविधानमा जन्मसिद्ध वा अङ्गीकृतका आधारमा नागरिकता पाएकाहरूको सन्तानलाई वंशजका आधारमा नागरिकता दिने भनिएको छ। यसले गर्दा नेपालमा जोकोही विदेशीले पनि सजिलै नागरिकता प्राप्त गर्न सक्ने भयो। नागरिकता दिएकै आधारमा विरोध गर्नु ठीक त हुँदैन तर यसले नेपाल र नेपालीको स्वाभिमान र सार्वभौमिकतामाथि आउने आँचमा पर्ने प्रभावलाई सोच्न जरुरी भएको छ। त्यसैले यसको विरोध गर्नुपर्ने भएको छ।

अहिले नागरिकताका बारेमा किन यस्ता प्रावधान र सहजता आउने गरेको छ त ? सबैभन्दा महत्वपूर्ण सवाल त्यहाँ रहेको छ। नेपालमा जब कुनै आन्दोलनहरू विदेशी शक्तिको प्रभावमा परी बैठान हुन पुग्छन् तब नेपालमा नागरिकताको प्रावधानमा फेरबदल हुने गर्दछ। उदाहरणका लागि २००९ साल, ०१९ साल ०४६ वा ०६३ साल र अहिलेलाई लिन सकिन्छ। यी आन्दोलन र बैठानहरू दिल्लीमा भएका छन् र नागरिकता वितरणमा नीतिगत रूपमा नै यिनै समयमा खुकुलो बनाउने गरिएको छ। यो खुकुलो परिवेशलाई लिएर यहाँका वास्तविक नेपालीले नागरिकता पाउनुभन्दा पनि दक्षिणका बासिन्दाले लिने गरेका छन्। तिनै मान्छेहरू अहिलेसम्म आइपुग्दा देशको शासन गर्ने ठाउँसम्म पुग्नुका साथै सम्बन्धित क्षेत्रमा स्थानीय जनतामाथि शोषण गर्ने जमिनदारसम्म हुन पुगेका वृत्तान्तहरू प्रशस्तै रहेका छन्।

नागरिकता वितरणको प्रावधानमा नेपालमा जस्तो अरू कुनै देशमा छैन। विश्वमा नागरिकता वितरणका दुई किसिमका अभ्यासहरू छन् : एउटा कडा नीति र अर्को नरम नीति। अमेरिका, क्यानाडा, अस्ट्रेलियाजस्ता देशहरूमा नरम नीति अपनाइन्छ भन्ने छ। तर त्यहाँ पनि एउटा प्रक्रिया पूरा गरेर, अस्थायी आवास गरेर बल्ल स्थायी आवासको प्रमाणपत्र दिने गरिन्छ। तर नेपालमा बिहे गर्नेबित्तिक्कै वा कुनै प्रक्रिया पूरा गर्नेबित्तिक्कै र स्थानीय क्षेत्रका ३ जनाले हस्ताक्षर गर्नेबित्तिक्कै नागरिकता दिइने गरिएको छ। यसले सीमापारिका हुनेखाने वा बाहुबलीहरूले नागरिकता लिने गरेका छन्। तर यहाँ रैथानेहरूले नागरिकता पाएका छैनन्।

नेपालमा वास्तवमा नागरिकतासम्बन्धी कडा नीति अवलम्बन गर्नुपर्दछ। किनेभने नेपाल भौगोलिक रूपमा सानो छ। उत्तर र दक्षिणतिर नेपालको भन्दा तीसौँ गुना ठूलो जनसङ्ख्या भएका देशहरू रहेका छन्। साथै भारतले दशकौँदेखि नेपालको सूक्ष्म व्यवस्थापनमा समेत हैकम चलाउँदै आएको छ। पछिल्लो क्रममा केपी वली सरकारले अमेरिकी साम्राज्यवादका सामु आत्मसमर्पण गरेर इन्डो–प्यासिफिक रणनीतिमा हस्ताक्षर गरेको छ। यसले गर्दा अमेरिकी साम्राज्यवादी प्रवेशलाई वैधानिकता दिएको छ। अहिले अवलम्बन गरेको नागरिकता नीति इन्डो–प्यासिफिक रणनीतिसँग कहीँ न कहीँ मेल खाने देखिन्छ। अहिले नेपालमा तिब्बती, भुटानी र पछिल्लोक्रममा रोइन्जा शरणार्थीका नाममा लाखौँ गैरनेपालीहरू रहिआएका छन्। दक्षिणमा खुला सिमाना भएको र रोटी–बेटी सम्बन्धका कारण लाखौँको सङ्ख्यामा भारतीयहरू सजिलै नेपाल प्रवेश गर्ने र अहिलेको नागरिकता वितरण नीतिको दुरुपयोग गर्दै नेपाली बन्ने गरेका छन्। यसले नेपालको जनसङ्ख्यामा मात्र प्रभाव पार्ने नभएर यहाँको राजनीतिमा सजिलै प्रभाव पार्नुका साथै सार्वभौमिकतामा समेत खलल पुग्न सक्छ।

**लेखकहरूलाई सूचना**

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ **– रातो खबर साप्ताहिक**

# अप्रिल २२ र लेनिन

*लेनिनले क्रान्ति गर्दैगर्दा प्रथम विश्वयुद्ध भए पनि वैज्ञानिक समाजवाद स्थापना गर्ने वातावरण बनेको थिएन। अझ मार्क्स र एङ्गेल्सकालीन कार्ल काउत्स्की र प्लेखानोभहरुले त लेनिनले क्रान्तिको तयारी गर्दै गर्दा नै विराध गरेका थिए जसले आफूलाई मार्क्सका सच्चा अनुयायी घोषित गरेका थिए। उनीहरुले अक्टोबर क्रान्तिको धुवाँदार विरोध गरेका थिए। तर यी सबै भ्रम र परिस्थितिहरुलाई चिर्दै अत्यन्त प्रतिकूल अवस्थामा रूसमा लेनिनको नेतृत्वमा अक्टोबर क्रान्ति सफल भएको थियो।*



गुणराज लोहनी

**विषय प्रवेश**

विश्व सर्वहारा वर्गका नेता तथा मार्क्सवाद–लेनिनवादका प्रवर्तक भ्लादिमिर इल्यानोभ इल्यिच लेनिनको जन्म पहिलाको सिमिर्स्क नाम रहेको र पछि युल्यानोभोस्क भनिएको ठाउँमा आमा मारिया अलेक्जान्ड्रोभना र बुबा इल्या निकोलायेभिच इल्यानोभबाट २२ अप्रिल १८७० मा भएको थियो। मार्क्स र एङ्गेल्सले वैज्ञानिक साम्यवादी सिद्धान्त प्रतिपादन गरिसकेपछि त्यसलाई अक्टोबर क्रान्तिको माध्यमद्वारा व्यवहारमा लागू गर्दै मार्क्सवादलाई मार्क्सवाद–लेनिनवादमा विकास गर्नुमा लेनिनको असाध्यै महत्वपूर्ण भूमिका रहेको छ। गत वैशाख ९ गते सोमबार महान् लेनिनको जन्म भएको १ सय ४९ वर्ष पुगेको छ। आफूलाई क्रान्तिकारी समाजवादी भन्न रुचाउने पार्टीकी एक सदस्य फ्यानी इफिमोन्भा कप्लान नामकी महिलाले ब्राउनिम पिस्टोलले ३ पटकसम्म गोली हानी घाइते बनाइनुभएका लेनिनको मृत्यु २१ जनवरी १९२४ मा भएको थियो। केवल ५४ वर्षको उमेरसम्म बाँचेर पनि मार्क्सवादमा नयाँ विकास गर्नुका साथै पहिलो समाजवादी सत्ता सोभियत समाजवादी गणतन्त्रको स्थापना गर्न सफल लेनिनका योगदानहरू निकै महत्वपूर्ण रहेका छन्।

**लेनिनका योगदानहरू**

यो सानो लेखमा लेनिनका योगदानहरूको व्याख्या गर्न सम्भव छैन। अहिले सर्वहारा वर्गीय कम्युनिस्ट आन्दोलन विश्वभरिमा नै प्रतिरक्षामा रहेको छ। लेनिनले क्रान्ति गर्दैगर्दा प्रथम विश्वयुद्ध भए पनि वैज्ञानिक समाजवाद स्थापना गर्ने वातावरण बनेको थिएन। अझ मार्क्स र एङ्गेल्सकालीन कार्ल काउत्स्की र प्लेखानोभहरूले त लेनिनले क्रान्तिको तयारी गर्दै गर्दा नै विराध गरेका थिए जसले आफूलाई मार्क्सका सच्चा अनुयायी घोषित गरेका थिए। उनीहरूले अक्टोबर क्रान्तिको धुवाँदार विरोध गरेका थिए। तर यी सबै भ्रम र परिस्थितिहरूलाई चिर्दै अत्यन्त प्रतिकूल अवस्थामा रुसमा लेनिनको नेतृत्वमा अक्टोबर क्रान्ति सफल भएको थियो। र, विश्वमा पहिलोपटक वैज्ञानिक समाजवाद स्थापना भएको थियो जुन सर्वहारा वर्गको अधिनायकत्वमा सञ्चालित थियो। यसरी पहिलो वैज्ञानिक समाजवादी राज्यसत्ताको स्थापना गर्नु लेनिनको सबैभन्दा ठूलो योगदान हो।

अक्टोबर क्रान्ति एकैचोटि सफल भएको थिएन। लेनिनले क्रान्तिको तयारी र त्यसलाई सफल पार्नका लागि राजनीतिक, वैचारिक, साङ्गठनिक, फौजी तयारी गर्नुभएको थियो। यिनमा पनि अझ लेनिनले मार्क्सवादका ३ सङ्घटक अङ्गहरूमा नयाँ विकास गर्नुभएको थियो। दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादमा उहाँले मार्क्स र एङ्गेल्सले गरेको आविष्कारमा नयाँ विकास गर्नुभएको थियो। साथै मार्क्सवादका ३ सङ्घटक अङ्गहरूमा पनि विकास गर्नुभएको थियो। त्यसमा पनि मार्क्स र एङ्गेल्सले आविष्कार गरेको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादमा थप विकास गर्नुभएको थियो।

उहाँले सबैभन्दा पहिला मार्क्स र एङ्गेल्सको मृत्युपछि मार्क्सवादका नाममा स्वयम् मार्क्स र एङ्गेल्सका समकालीनहरूले व्याख्या गरेका संशोधनवादको चरित्र खोजेर त्यसको खण्डनमण्डन गर्नुभयो। उहाँले संशोधनवादबारे लेख्नुभयो र सबैखाले संशोधनवादको विरोध गरेर मार्क्सवादको प्रचारप्रसार गर्नुभएको थियो। त्यसपछि रुसलगायत युरोपको समग्र अध्ययन गर्न थाल्नुभयो। त्यही क्रममा १९०५ मा मजदुर आन्दोलनको उठान गर्नुभयो। शान्तिपूर्ण रूपले लाखौँ मजदुरको जुलुस जारको दरबारमा मागसहित जाँदा जारको सेनाले भीषण दमन गरेको थियो। त्यस दमनमा हजारजनाभन्दा बढी मजदुरको हत्या भएको अनुमान गरिन्छ। उक्त दमनले रुसको कम्युनिस्ट आन्दोलनमा ठूलो उदासीनता ल्याएको थियो। त्यसले लेनिनलाई पनि छोएको थियो। त्यही क्रममा उहाँले क्रान्ति शीर्षकमा लामो कविता लेख्नुभएको थियो। त्यसपछि लेनिनले रसियन समाज र सिङ्गो युरोपका बारेमा नयाँ अध्ययन थाल्नुभएको थियो। त्यही क्रममा उहाँका दर्शनसम्बन्धी १९०८ मा 'द्वन्द्वात्मक भौतिकवाद, अनुभवसिद्ध आलोचना' लेखेर उहाँले दर्शनमा स्पष्ट पार्नुभएको थियो। त्यसैगरी उहाँले प्रथम विश्वयुद्ध हुँदै गर्दा पुँजीवादमा आएको परिवर्तनको नयाँ विशेषताको खोजी गर्नुभएको थियो। उहाँका अनुसार मार्क्स र एङ्गेल्सले भनेको जस्तो पुँजीवादको चरित्रमा केही फेरबदल भएको खोज गर्नुभएको थियो। उहाँले पुँजीवाद अबदेखि एकाधिकार चरित्र भएको भन्नुभएको थियो। त्यसैले साम्राज्यवाद भनेको अनिवार्य युद्ध हो भन्नुभएको थियो। त्यसलाई तत्कालीन अवस्थामा विश्वयुद्ध हुनुको कारणको खोज मान्न सकिन्छ। साथै विश्व राजनीतिक अर्थशास्त्रको नयाँ व्याख्या पनि उक्त पुस्तक रहेको थियो। लेनिनको उक्त पुस्तकलाई कार्ल मार्क्सको पुँजीको नयाँ संस्करण पनि भन्न सकिन्छ। यसले गर्दा लेनिनलाई वर्गविश्लेषण गर्न सजिलो हुनुका साथै क्रान्तिको तयारी र चरित्र निर्धारण गर्न सजिलो भएको थियो।

मार्क्सवादी दृष्टिकोण निर्माण र स्पष्ट पार्न लेनिनको निकै ठूलो योगदान रहेको छ। मार्क्स, एङ्गेल्सले आफैँ समाजवादी सत्ता निर्माण गर्ने क्रान्तिको नेतृत्व गर्न पाउनुभएको थिएन। साथै अभ्यास पनि गर्न पाउनुभएको थिएन। तर लेनिनले पुरानो राज्यसत्ताको ध्वंस र समाजवादी राज्यसत्ताको अभ्यास गर्ने अवसर पाउनुभएको थियो। त्यसको मुख्य कारण के थियो भने राज्यसत्ताका बारेमा उहाँले स्पष्ट दृष्टिकोण निर्माण गर्नुभएको थियो। पुरानो राज्यसत्ताको ध्वंस र नयाँ राज्यसत्ता निर्माणको अनिवार्यतालाई उहाँले आफूले बुझ्ने र आमपार्टी पङ्क्ति, नेता, कार्यकर्ताका साथै किसान र मजदुरहरूलाई

*लेनिनले कुन अवस्थामा क्रान्ति सम्भव रहेको हुन्छ भन्ने कुरा पनि पत्ता लगाउनुभएको थियो। मूल रुपमा सहरिया विद्रोहका आधारहरु खोज्नुभएको थियो। लेनिनले क्रान्ति सफल हुनुका मुख्य अवयवहरु भनेर ३ वटा कुरालाई लिनुभएको थियो : पहिलो, समाजमा विशेषतः साम्राज्यवादी युद्धले आर्थिक सङ्कट देखापर्नु, दोस्रो समकालीन राज्यप्रणालीको दमन र शोषणलाई ठूलो सङ्ख्याले सहन गर्न नसक्नु र तेस्रो, एउटा क्रान्तिकारी समाजवादी पार्टीले जनतामा सङ्घर्षको माध्यमबाट जनताको भावना जित्दै जानु र भनाइलाई गराइमा बदल्न सक्नु भन्ने निष्कर्ष निकाल्नुभएको थियो।*

बुझाउनुपर्ने आवश्यकतालाई मनन गर्दै १९१७ मा अक्टोबर क्रान्ति हुनुभन्दा अगाडि नै 'राज्य र क्रान्ति' लेख्नुभएको थियो। यसरी मूल रूपमा अक्टोबर क्रान्ति गर्नुभन्दा अगाडि दर्शन 'द्वन्द्वात्मक भौतिकवाद : अनुभवसिद्ध आलोचना', राजनीतिक अर्थशास्त्रमा 'साम्राज्यवाद : पुँजीवादको चरम अवस्था' र वैज्ञानिक समाजवाद वा राजनीतिमा 'राज्य र क्रान्ति' को खोज र आविष्कार क्रान्तिको वैचारिक तयारी रहेको थियो।

यसका साथै लेनिनले कुन अवस्थामा क्रान्ति सम्भव रहेको हुन्छ भन्ने कुरा पनि पत्ता लगाउनुभएको थियो। मूल रूपमा सहरिया विद्रोहका आधारहरू खोज्नुभएको थियो। लेनिनले क्रान्ति सफल हुनुका मुख्य अवयवहरू भनेर ३ वटा कुरालाई लिनुभएको थियो : पहिलो, समाजमा विशेषतः साम्राज्यवादी युद्धले आर्थिक सङ्कट देखापर्नु, दोस्रो समकालीन राज्यप्रणालीको दमन र शोषणलाई ठूलो सङ्ख्याले सहन गर्न नसक्नु र तेस्रो, एउटा क्रान्तिकारी समाजवादी पार्टीले जनतामा सङ्घर्षको माध्यमबाट जनताको भावना जित्दै जानु र भनाइलाई गराइमा बदल्न सक्नु भन्ने निष्कर्ष निकाल्नुभएको थियो।

यसरी उहाँले एकातिर राजनीतिक, वैचारिक रूपमा नयाँ खोज गर्नुभएको थियो भने अर्कोतिर साङ्गठनिक रूपमा पनि प्लेखानोभ र ट्राट्स्कीको अवधारणालाई खारेज गर्दै 'नयाँ ढङ्गको पार्टी' निर्माणको अवधारणा ल्याउनुभएको थियो। यति तयारी वास्तवमा रुसको विशेषतामा अन्तर ीष्ट्रिय अनुभव र आवश्यकतामा पहिलो विश्वयुद्धमा लखतरान परेको रुसमा उहाँले क्रान्ति सफल पार्नुभएको थियो। पुँजीवादको विकास भएको तर समग्र युरोपको तुलनामा कम विकसित रुसमा क्रान्ति सफल भएको थियो। त्यसैले प्लेखानोभ, कार्ल काउत्स्कीहरूले महान् अक्टोबर क्रान्तिलाई क्रान्ति नभनेर षड्यन्त्र भन्दै विरोध गरेका थिए। उनीहरूले मार्क्सको विकसित राष्ट्र बेलायतमा पहिला क्रान्ति हुन्छ भन्ने भनाइलाई अगाडि सारेर अक्टोबर क्रान्तिको विरोध गरेका थिए। यसरी अक्टोबर क्रान्तिको माध्यमबाट कुनै पनि देशमा क्रान्ति सफल गरी सर्वहारा वर्गीय अधिनायकत्व स्थापना गर्न सकिने जीवित दलिल लेनिनले पेस गर्नुभएको थियो।

त्यसैगरी उहाँले पार्टी सङ्गठन कसरी सञ्चालन गर्ने भन्ने विधिको पनि निर्माण गर्नुभएको थियो। त्यो विधिलाई जनवादी केन्द्रीयता भन्ने गरिन्छ जुन अहिलेसम्म पनि उत्तिक्कै वैज्ञानिक रहेको छ। अर्को लेनिनको योगदान भनेको विश्व कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्नु हो। एङ्गेल्सको मृत्युपछि मृतप्रायः भएको कम्युनिस्ट अन्तर्राष्ट्रियलाई ब्युँताएर उहाँले तेस्रो अन्तर्राष्ट्रिय गठन गर्नुभएको थियो। त्यसैले गर्दा अक्टोबर क्रान्तिपछि विश्वमा समाजवादको लहर नै चलेको थियो। दोस्रो विश्वयुद्धमा जर्मन साम्राज्यवादलाई स्टालिनको नेतृत्वमा ध्वस्त पारेपछि विश्वका १६ वटा राष्ट्र भूगोलका हिसाबले एकतिहाइ विश्वमा समाजवाद स्थापना हुन पुगेको थियो। यसरी लेनिनलाई मार्क्सवादको सही प्रयोगकर्ता, विकासकर्ताका रूपमा लिन सकिन्छ। अहिले पनि लेनिनका योगदानहरूको विश्व कम्युनिस्ट आन्दोलनमा त्यत्तिक्कै महत्व रहेको छ।

**नेपाली कम्युनिस्ट आन्दोलनले के सिक्ने**

महान् कमरेड लेनिनबाट नेपाली कम्युनिस्टहरूले मात्र नभएर विश्व कम्युनिस्ट आन्दोलनले धेरै कुरा सिक्न जरुरी छ। सबैभन्दा पहिला मार्क्सवादमा विकास गरेका दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादलाई आत्मसात गर्न जरुरी छ। सबैभन्दा महत्वपूर्ण कुरा स्वयम् लेनिनले पनि भन्नुभएको छ र आफ्नो जीवन व्यवहारमा लागू पनि गर्नुभएको कुरा भनेको मार्क्सवाद कुनै जीवनविहीन जडसूत्र होइन भन्ने कुरालाई बुझ्न र जीवनव्यवहारमा लागू गर्न जरुरी छ। लेनिनले ठोस वस्तुको ठोस विश्लेषणका आधारमा सिद्धान्तहरूलाई विकसित गर्दै अक्टोबर क्रान्ति गर्नुभयो अथवा सशस्त्र विद्रोहको कार्यदिशा निर्माण गर्नुभयो।

अहिले नेपाली कम्युनिस्ट आन्दोलन मात्र नभएर विश्व कम्युनिस्ट आन्दोलन अगाडि बढ्न नसक्नुको मुख्य कारण मार्क्सवादका आधारभूत सिद्धान्तलाई दह्रोसँग नपकड्नु हो। अथवा मार्क्सवादको अध्ययन र त्यसलाई आत्मसात नगर्नु हो। लेनिनले मार्क्सवादालई दह्रोसँग पकड्नुभएको थियो। गहिरो अध्ययन गर्नु भएको थियो। अर्को आफ्नो परिवेश र वदलिँदो विश्वपरिवेशका कैयौँ नयाँ विशेषताहरूलाई मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गरेर मार्क्सवादी संश्लेषण गर्न नसक्नु हो। लेनिनले रुसको सम्पूर्ण चरित्रको मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गर्नुभयो। घागडान कहलिएका र गुरु भनिएकाहरूको आलोचना र जडसूत्रलाई पनि बेवास्ता गरी समकालीन विश्व पुँजीवादको अध्ययन गर्नुभएको थियो। नेपालमा मार्क्सवादलाई बुझ्ने र लागू गर्ने सन्दर्भमा दुईवटा अति देखापरेका छन् : सिद्धान्तमा दृढ रहने नाममा नयाँलाई बुझ्ने र बदल्ने कुरामा साहस नगर्ने, नयाँ गर्ने नाममा मार्क्सवादका आधारभूत कुरालाई पूर्ण रूपले छाडिदिने। त्यसैले यहाँ लेनिनबाट के सिक्न जरुरी रहेको छ भने लेनिनले जसरी दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादमा नयाँ खोज गर्नुभयो र त्यसैलाई आधार बनाएर क्रान्तिको उद्घोष गर्नुभयो ठीक त्यसैगरी यहाँ पनि नयाँ खोज र अनुसन्धानको आवश्यकता परेको छ। एकीकृत जनक्रान्तिले यी कुराहरूको सुरुआत गरेको छ।

जहाँसम्म २२ अप्रिलको कुरा छ त्यो दिन केवल लेनिनको जन्मदिन मात्र होइन, नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भएको दिन पनि हो। त्यसैले २२ अप्रिल नेपाली कम्युनिस्टहरूका लागि महत्वपूर्ण दिन हो। यस दिनमा लेनिन दिवस मनाउँदै गर्दा लेनिनबाट सिक्न जरुरी छ।

# उत्पीडित वर्गको सैन्य रणनीति

पृष्ठ १ बाट क्रमशः

तेस्रो कुरा, नेपालजस्तो दुई हात्ती देशका बीचमा रहेको सानो र भूपरिवेष्ठित देशमा क्रान्ति सम्पन्न गर्न सकिँदैन । यहाँको राज्यसत्ता ढाले पनि वरिपरिका विशाल देशहरू क्रान्तिका विरुद्ध छन् । अनि कसरी क्रान्ति सफल हुन्छ ? यी समस्याहरू नै उत्पीडित वर्गको सैन्य कार्यदिशाका समस्याहरू हुन् ।

**३) समस्याको विश्लेषण**

३.१) हाम्रो पार्टीले अघि सारेको नेपाली क्रान्तिको कार्यदिशा भनेको एकीकृत जनक्रान्तिको कार्यदिशा हो । यसलाई विशुद्ध सैन्य हिसाबले एकीकृत सैन्य कार्यदिशा पनि भन्न सकिन्छ । लेनिनले रुसमा केन्द्रीय राज्यसत्ता कब्जा गरेर समग्र देश कब्जा गरेको सशस्त्र जनविद्रोह र माओले गाउँगाउँमा लालसेनाद्वारा लालसत्ता निर्माण गर्दै केन्द्रीय राज्यसत्ता कब्जा गरेको दीर्घकालीन जनयुद्धको विकासका रूपमा हामीले एकीकृत जनक्रान्तिलाई लिएका छौँ । उहाँहरू दुवैले विकास गरेको कार्यदिशाको उद्देश्य अथवा गन्तव्य वैज्ञानिक समाजवाद हुँदै साम्यवाद हो भने हाम्रो पनि त्यही हो । हरेक देशका कम्युनिस्टहरू त्यस देशको समय, परिस्थिति र विशेषताहरूअनुसार बन्ने भिन्नाभिन्नै बाटोबाट वैज्ञानिक समाजवादमै पुग्नेछन् ।

हामीले एकीकृत जनक्रान्ति संश्लेषण गर्नुका कारणहरू केके हुन् ? हामीले यसलाई सामान्यतः आठौँ महाधिवेशनमा विश्लेषण गरेका छौँ । त्यसको सारसङ्क्षेपका रूपमा यहाँ विश्लेषण गर्ने कोसिस गरिएको छ । कार्यदिशा विकासको पहिलो स्रोत भनेको आफ्नो समयको अर्थतन्त्र हुन्छ किनभने लेनिनले संश्लेषण गर्नुभएको छ, 'राजनीति भनेको अर्थतन्त्रको केन्द्रीय अभिव्यक्ति हो ।' आजको विश्व-अर्थतन्त्रका चारवटा विशेषता रहेका छन्–

क) आजको पुँजीवाद अति एकाधिकारवादी तथा अति केन्द्रीकृत रहेको छ । यसैलाई हामीले थबाङ महाधिवेशनमा उत्तरसाम्राज्यवाद भनेका छौँ । आज ९९ प्रतिशत र १ प्रतिशतको सम्पत्ति बराबर छ । १ प्रतिशतमा पर्नेहरूमध्ये जेफ बेजोस (९८.२ बिलियन डलर), बिल गेट्स (९०.८ बिलियन डलर), वारेन बफेट (८४.८ बिलियन डलर), अनान्सियो ओर्टेगा (७६.१ बिलियन डलर), मार्क जुकरबर्ग (७१.५ बिलियन डलर), बर्नडी अर्नाउल्ट (६५.२ बिलियन डलर), कार्लोस स्लिम हेलु (६३.८ बिलियन डलर), लारी एलिसन (५८ बिलियन डलर), चार्ल्स कोच (५०.४ बिलियन डलर) र डेबिड कोच (५०.४ बिलियन डलर) हुन् । ९९ प्रतिशतलाई चुसेर नै उनीहरूसँग यो अथाह सम्पत्ति जम्मा भएको छ । नेपालमा पनि त्यसरी नै १ प्रतिशत दलाल पुँजीपतिहरूले जनतामाथि ब्रह्मलुट मच्चाइरहेका छन् । त्यसमध्ये शीर्ष १० जनालाई लिँदा विनोद चौधरी (१.६ बिलियन डलर), शेष घले (४१० मिलियन डलर), उपेन्द्र महतो (३६० मिलियन डलर), अजय सुमार्गी (२०० मिलियन डलर), आदित्य झा (१०० मिलियन डलर), जीवा लामिछाने (९२ मिलियन डलर), पशुपतिशमसेर राणा (८४ मिलियन डलर), बलराम चेनराई (७० मिलियन डलर), राजेन्द्र खेतान (६२ मिलियन डलर) र ज्ञानेन्द्र शाह (५० मिलियन डलर) हुन् । उनीहरूको यो सम्पत्ति वैधानिकतामा देखाइएको हो । कर नतिर्ने कालो सम्पत्तिको समेत हामीले हेक्का राख्नैपर्छ । अन्तर ाष्ट्रिय रूपमा अति एकाधिकारवादी र अति केन्द्रीकृत पुँजीवादीहरूले जसरी एकीकृत र केन्द्रीकृत भएर विश्व-जनसमुदायमाथि लुटखसौट मच्चाइरहेका छन्, जसरी नेपालका दलाल पुँजीवादीहरूले नेपाली श्रमजीवी तथा उत्पीडित जनताको शोषण-दमन गरिरहेका छन्, त्यसका विरुद्ध संसारका श्रमजीवी तथा उत्पीडित जनता एकीकृत र केन्द्रीकृत भएर लड्न जरुरी छ । अब मजदुर, किसान, सिपाही, मध्यम वर्ग र राष्ट्रिय पुँजीपति तथा देशभक्तहरू काँधमा काँध मिलाएर एकीकृत जनक्रान्ति लड्न जरुरी छ । हाम्रो क्रान्तिकारी दस्तालाई बन्दुकले सुसज्जित पार्नैपर्छ ।

ख) मार्क्स, लेनिन र माओको पालाभन्दा अहिलेको अर्थतन्त्रको अर्को विशेषता भनेको विकेन्द्रित उत्पादन र केन्द्रीकृत वितरण हो । उत्तरसाम्राज्यवादी पुँजीपतिहरूले मजदुरहरूलाई सङ्गठित हुन नदिन विकेन्द्रित उत्पादनप्रणाली र आफ्नो एकाधिकार कायम गर्न केन्द्रीकृत वितरणको नीति अख्तियार गरेका छन् । एउटा गाडी निर्माण गर्न त्यसका विभिन्न अङ्ग र पुर्जाहरू अलग स्थान र अलग देशहरूमा बन्दछन् भने वितरणका लागि एउटै दुकानमा ल्याइएको हुन्छ । त्यसैगरी अलगअलग स्थान र देशमा बनेका नुनदेखि सुनसम्मका वस्तुहरू एउटै सुपरमार्केटबाट वितरण भएको त हामीले नेपालमा पनि प्रसस्तै देखिरहेका छौँ । निगम गृह, मल र सुपर मार्केट भनेका मध्यम वर्ग र राष्ट्रिय पुँजीपतिलाई समेत चुस्ने अति एकाधिकारवादीहरू हुन् । यसले गर्दा मध्यमवर्गीय व्यापारी र उद्योगपतिहरू सुक्दै जन्छन् ।

ग) आजको अर्थतन्त्रको तेस्रो विशेषता भनेको उत्पादक शक्तिमा विज्ञान र प्रविधि जोडिएर उत्पादन तीव्र हुनु हो । पहिले जनश्रम र उत्पादनका साधन मिलेर उत्पादक शक्ति बन्थ्यो भने आज यसमा विज्ञान र प्रविधि जोडिएको छ । विज्ञानको आविष्कार जनताका छोराछोरीले गरे पनि उत्पादन सम्बन्ध अति एकाधिकार पुँजीवादी हुने भएकाले विज्ञान र प्रविधिको स्वामित्व पनि उसकै हुन्छ । अर्थात् विज्ञान र प्रविधिको आविष्कार पुँजीवादी व्यवस्थामा माल बन्न जान्छ । विज्ञानको आविष्कार उसको नाफाको स्वार्थसँग जोडिन पुग्छ । तर विज्ञान र प्रविधि उत्पादक शक्तिमा जोडिएर हुने तीव्र उत्पादनले साम्यवादलाई नजिक ल्याउनैपर्छ । एउटा यस्तो चरण आइपुग्छ जहाँ पुगेपछि उत्पादक शक्तिले उत्पादन सम्बन्धविरुद्ध विद्रोह गर्न अनिवार्य बन्न जान्छ । उत्पादक शक्तिको विद्रोहलाई सजिलो बनाउन 'सुँडेनी' ले त्यतिबेलै पूरै बल लगाउनुपर्छ ।

घ) रूपमा राजनीतिले अर्थतन्त्रलाई निर्देशन गर्ने भनिए पनि सारमा अर्थतन्त्रले राजनीतिलाई निर्देशन गर्नु आजको अर्थतन्त्रको चौथो विशेषता हो । यही कारणले अमेरिकी राष्ट्रपतिको चुनावमा हिलारी क्लिन्टनले होइन, बरु जग्गा दलाल डोनाल्ड ट्रम्पले जितेको छ भने नेपालको गत स्थानीय, प्रादेशिक र संसदीय चुनावमा ८० प्रतिशत ठेकेदार र दलाल पुँजीपतिहरूले जितेका छन् । जब राजनीतिमाथि पुँजीवाद हाबी हुन्छ तब राजनीतिक नेताहरू किनिन्छन् जस्तो कि नेपालमा पुष्पकमल दाहाल, केपी ओली र बाबुरामहरू भर्खरै किनिएका छन् । यसबाट क्रान्तिकारी कम्युनिस्टहरू अति सतर्क हुन आवश्यक छ । यसलाई ध्वस्त पार्ने भनेकै जनताको सैन्य दस्ता हो । जनताको र जनताको पार्टीको सैन्य दस्ता भएर मात्र हुँदैन, बरु बन्दुकको म्यागेजिनमा सांस्कृतिक क्रान्तिका गोलीहरू पनि भरेर राख्नुपर्दछ । मुख्यतः चार विशेषता रहेको आजको यो अर्थतन्त्र नेपाली जनक्रान्तिको कार्यदिशाको पहिलो स्रोत तथा आधार हो ।

एकीकृत जनक्रान्तिको दोस्रो आधार भनेको सूचना-सञ्चार, यातायात र वित्तीय भूमण्डलीकरणका कारण गाउँ र सहरका बीचको सामीप्यहो । त्यसकारण आजको क्रान्तिमा सहर र गाउँको आन्दोलनलाई एकीकृत गर्नुपर्ने आवश्यकता छ । यसलाई हामीले एकीकृत जनक्रान्ति भनेका छौँ । क्रान्तिको छिनोफानो हुने स्थितिमा त राज्यसत्ताको केन्द्रबिन्दु नै आक्रमणको केन्द्रबिन्दु हुन पुग्छ ।

एकीकृत जनक्रान्तिको तेस्रो स्रोत भनेको यतिबेला वैज्ञानिक स्टेफन हकिङले विकास गरेको एकीकृत भौतिकशास्त्र हो । उहाँले अलबर्ट आइन्स्टाइनले सुरु गरी म्याक्स प्लाँकहरूलगायत वैज्ञानिकहरूले विकास गर्दै अघि बढाएको क्वान्टम यान्त्रिकी अथवा अनिश्चयताको सिद्धान्तलाई समायोजन गरेर एकीकृत भौतिक शास्त्र आविष्कार गर्नुभएको छ । सबैलाई थाहा छ, मार्क्सदेखि माओसम्मका समाज वैज्ञानिकहरूले प्रकृति विज्ञानको आविष्कारलाई समाज विज्ञानमा संश्लेषण गर्नुभएको छ । हाम्रो जमानाका पछिल्ला प्रमुख वैज्ञानिक भनेका स्टेफन हकिङ नै हुनुहुन्छ । उहाँको सिद्धान्त प्रविधिमा अभिव्यक्त भएको छ । उदाहरणका रूपमा हामी स्मार्ट फोनलाई लिन सक्छौँ । यो यन्त्रबाट कुराकानी मात्र गरिँदैन, बरु यसबाट एक सेकेन्डमै अमेरिका चिठी पठाउन सकिन्छ । क्यामेरा, घडी, रेडियो, टर्चलाइटको काम पनि लिन सकिन्छ । यसबाट भिडियो कल, बैङ्किङ कारोबार, सामानको खरिदबिक्री आदि गर्न सकिन्छ । यसरी स्मार्ट फोन एकीकृत विज्ञानको एउटा अभिव्यक्ति बन्न पुगेको छ । विकास निर्माणका औजारहरू पनि बहुप्राविधिक नै बनेका छन् । यसलाई समाज विज्ञानमा ल्याउँदा एकीकृत जनक्रान्तिको आधार बन्न गएको छ ।

एकीकृत जनक्रान्तिको चौथो आधार भनेको आजको युद्धको चरित्र हो । आजको युद्ध साइबरसँग अनिवार्य रूपले जोडिन पुगेको छ । आजको बन्दुकमा साइबर जोड्न आवश्यक छ । निम्न प्रविधि र उच्च प्रविधिको समायोजन पनि यसलाई भन्न सकिन्छ । युद्धको यस्तो उचाइ पनि देखिएको छ- अमेरिकाले सिरियामाथि प्रहार गरेका क्षेप्यास्त्रहरू रुसले आकाशमै निष्काम पारिदिएको छ । त्यसकारण साइबरको विकासलाई नजोड्दा बन्दुक अपाङ्ग बन्दछ । त्यसैले सैन्ययुद्ध र साइबर युद्धको जोडफल नै एकीकृत जनक्रान्ति हो ।

३.२) श्रमजीवी तथा उत्पीडित वर्गले संसदीय पुँजीवादी राज्यसत्ता ढालेर वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्न चाहन्छ भने हतियार प्राप्त गर्न, हतियार चलाउन र हतियार बनाउन जान्नै पर्दछ । यस वर्गका लागि अर्को विकल्प छैन । स्टालिनले भनेका थिए, 'हतियार, हतियार, फेरि पनि हतियार !' कम्युनिस्टका नाममा कसैले शान्तिपूर्ण सङ्क्रमणको बाटो खोज्दछ भने त्यो संशोधनवाद हो । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा जजसले शान्तिपूर्ण सङ्क्रमणको बाटो लिए उनीहरू सबैले मालेमावाद र जनताप्रति गद्दारी गरेका छन् । मनमोहन, मदन भण्डारी, केपी ओली र प्रचण्ड यसका उदाहरण हुन् । दस वर्षको महान् जनयुद्धको नेतृत्व गरेका प्रचण्ड र बाबुरामले निच प्रकारले क्रान्तिकारी पार्टी, जनमुक्ति सेना, जनसत्ता, जनप्रशासन, जनअदालत र जनसुधारगृह विघटन गरेका छन् । जनमुक्ति सेनाको विघटन साम्राज्यवादी निःशस्त्रीकरणको कार्यान्वयन र जनताका १७ हजार छोराछोरीको रगतमाथि होली खेल्ने दुष्कार्य हो । आज प्रचण्डले २०२८ सालमा उठाएका बन्दुकहरू कोसीमा बगायौँ भनेर गर्व गर्ने केपी ओलीसँग एकता गर्दै नेपाली जनताको मुक्तिको बाटो छेक्ने दुस्साहस गरिरहेका छन् । इतिहासको बलवान हातले एकदिन गद्दार हरूलाई घोडाबाट ओरालेर चिहानमा पुऱ्याउनेछ ।

उत्पीडित राष्ट्रहरू र जनताको निःशस्त्रीकरण तथा आफ्नो सशस्त्रीकरण गर्दै जाने अमेरिकी साम्राज्यवादलाई उत्तरकोरिया र त्यसका राष्ट्रपति किम जोङ उनले हाइड्रोजन बमको परीक्षणद्वारा जबाफ दिनु हार्दिक स्वागतयोग्य कार्य थियो । तर आफ्नो देशलाई ६७ वर्षदेखि लगाइएको आर्थिक नाकाबन्दी नखोलीकन कसैको स्वार्थमा सिङ्गापुर वार्ता गर्नुले अन्ततः त्यति शुभकार्य सङ्केत दिएको छैन । १९१४ देखि १९१९ सम्म प्रथम विश्वयुद्ध चलिरहेको थियो । स्क्यान्डेनेभियन समाजवादीहरूले साम्राज्यवादीहरूको स्वरमा स्वर मिलाउँदै 'निःशस्त्रीकरण' को नारा लगाएका थिए । कतिसम्मभने रोजा लक्जेम्बर्गले आफ्नो गुप्त नाम जुनियस बनाएर राष्ट्रिय युद्ध पनि अन्ततः साम्राज्यवादी युद्धमा बदलिन्छ भन्दै एउटा पर्चा लेख्नुभयो । जान वा अन्जान रूपमा यसले पनि निःशस्त्रीकरणकै पक्षपोषण गरेको थियो । १९१६ मा लेनिनले 'सर्वहारा क्रान्तिको सैन्य कार्यक्रम' शीर्षकको आलेख रचना गर्नुभएको थियो । उहाँले सबै युद्धहरूको विरोध गर्नेहरूको धज्जी उडाउँदै लेख्नुभएको छ, 'समाजवादीहरू समाजवादी हुन छोडेर सबै युद्धको विरोध गर्दैनन् ।'

- ग्रन्थ २३, पृष्ठ ७०, अङ्ग्रेजी संस्करण ।

अझ अगाडि बढेर उहाँले भन्नुभएको छ, 'जसले वर्गसङ्घर्ष स्वीकार गर्छ उसले गृहयुद्ध स्वीकार गर्न नमान्ने कुरै हुन सक्दैन जुन हरेक वर्गसमाजमा स्वाभाविक हुन्छ र खास परिस्थितिमा वर्गसङ्घर्षको अपरिहार्यता, निरन्तरता र विकास तीव्र हुन्छ । त्यो हरेक महान् क्रान्तिबाट सुनिश्चित हुन्छ । गृहयुद्ध अस्वीकार गर्नु अथवा यसलाई भुल्नु चरम अवसरवादमा फस्नु हो र समाजवादी क्रान्ति परित्याग गर्नु हो ।'

- उही, पृष्ठ ७८-७९ ।

लेनिनले न्यायपूर्ण युद्धको समर्थन र अन्यायपूर्ण युद्धको विरोध गर्नुभएको छ । यहाँ उत्पीडित वर्गले के गर्नुपर्छ भन्ने सवालको जबाफमा लेनिनका दुई अनुच्छेद उद्धृत गर्नैपर्ने ठानी निम्नानुसार उद्धृत गरिएको छ :

'पेरिस कम्युनको एकजना पुँजीवादी पर्यवेक्षकले मे १८७१ को अङ्ग्रेजी प्रत्रिकामा लेख्दै भनेका छन्- फ्रान्स महिलैमहिलाले बनेको भए कति भयानक राष्ट्र हुन्थ्यो होला ! महिला र केटाकेटीहरूले पेरिस कम्युनका लागि पुरुषहरूसँगै काँधमा काँध मिलाएर लडेका थिए । पुँजीवादलाई ढाल्ने आउँदो लडाइँ योभन्दा भिन्न हुनेछैन । सर्वहारा महिलाहरू असल हतियारले सुसज्जित पुँजीवादी वर्गको सेनाद्वारा कमसल हतियार लिएका अथवा निःशस्त्र मजदुरलाई गोली हानेर ढालिएको दृश्य टुलुटुलु हेरेर बस्ने छैनन् । उनीहरूले १८७१ मा जस्तै हतियार उठाउनेछन् र आजका डरपोक राष्ट्रहरूबाट अझ ठीक ढङ्गले भन्ने हो भने वर्तमान मजदुर आन्दोलनमा सरकारद्वाराभन्दा अवसरवादीहरूद्वारा विघटित निःसन्देह रूपले ढिलो वा चाँडो तर सुनिश्चित रूपमा क्रान्तिकारी सर्वहारावर्गको 'भयभीत राष्ट्रहरूमा' एउटा अन्तर्राष्ट्रिय सङ्घ उदाउनेछ ।'

'आज सम्पूर्ण सामाजिक जीवन सैन्यीकृत हुँदैछ । साम्राज्यवाद भनेको विश्वको विभाजन र पुनर्विभाजनका लागि महाशक्तिहरूको तीव्र सङ्घर्ष हो । त्यसकारण यसले साना होऊन् अथवा असंलग्न सबै देशहरूलाई अझ सैनिकीकरणतिर लैजान्छ । यसलाई सर्वहारा महिलाहरूले कसरी सामना गर्लान् ? के उनीहरू सबै प्रकारका युद्ध र सेनालाई दुत्कार्दै केवल निःशस्त्रीकरणको माग गर्लान् ? उत्पीडित र वास्तविक रूपमा क्रान्तिकारी वर्गका महिलाहरूले त्यस्तो लाजमर्दो भूमिका कहिल्यै स्वीकार्ने छैनन् । उनीहरूले आफ्ना छोराछोरीलाई भन्नेछन्- तिमीहरू छिट्टै हुर्कनेछौ । तिमीहरूलाई बन्दुक दिइनेछ । यसलाई उठाऊ र राम्रोसँग सैन्यकला सिक । सर्वहारा वर्गलाई यो ज्ञान वर्तमान युद्धमा जस्तै र समाजवादका धोकेबाजहरूले भनेजस्तै आफ्नै दाजुभाइलाई गोली ठोक्न र अर्को देशका श्रमिकहरूमाथि गोली चलाउन आवश्यक छैन । उनीहरूलाई आफ्नै देशका पुँजीपतिहरूसँग लड्न, धार्मिक कामनाले होइन, बरु पुँजीपति वर्गलाई पराजित र निःशस्त्र पारेर शोषण, गरिबी र युद्धको अन्त्य गर्न यो ज्ञान आवश्यक हुन्छ ।'

**– उही पृष्ठ ८२–८३ ।**

लेनिनका यी मार्मिक संश्लेषणहरूले पुरानै प्रतिक्रियावादी राज्यसत्ताको सरकारमा रहेर समाजवादी क्रान्तिको सपना देख्ने पुष्पकमल दाहाल 'प्रचण्ड', खड्गप्रसाद ओली र बाबुराम भट्टराईहरूलाई सिस्नुपानी लगाएका छन् । यी संश्लेषणहरूले निःशस्त्रीकरणको राग अलाप्ने साम्राज्यवादी डाँकाहरूमाथि क्षेप्यास्त्र प्रहार गरेका छन् ।

आफूले बन्दुक बोकेर जनतालाई बन्दुक बोक्नु हुन्न भन्ने प्रतिक्रियावादी, साम्राज्यवादी र तिनका अवैध सन्तान संशोधनवादीहरूको सातो लिँदै माओले आफ्नो सुप्रसिद्ध रचना 'युद्ध र रणनीतिका समस्याहरू' नामक आलेखमा भन्नुभएको छ :

'साम्यवादीहरू व्यक्तिगत सैन्यशक्तिका लागि लड्दैनन्(उनीहरूले कुनै हालतमा पनि त्यसो गर्दैनन्; उनीहरूलाई पुनः चाङ क्वो थाओका पिछलग्गु बन्न दिनु हुँदैन) । तर उनीहरू पार्टीको सैन्यशक्तिका लागि र जनताको सैन्यशक्तिका लागि लड्नैपर्छ । 'राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ' यो सत्यलाई हरेक साम्यवादीले ग्रहण गर्नुपर्छ । हाम्रो सिद्धान्तअनुसार पार्टीले बन्दुक चलाउँछ, बन्दुकलाई कहिल्यै पनि पार्टी चलाउन दिनु हुँदैन । हामीसँग बन्दुक छ भने उत्तरी चीनमा चौथो मार्ग सेनाले बनाएको शक्तिशाली पार्टीजस्तै पार्टी सङ्गठन बनाउन सक्छौँ । हामी कार्यकर्ता, विद्यालय, संस्कृति र जनआन्दोलन सिर्जना गर्न सक्छौँ । येनानका सम्पूर्ण कुराहरू बन्दुकद्वारा सिर्जना गरिएका हुन् । सबै कुराहरूबन्दुकको नालबाटै जन्मन्छन् । राज्यसम्बन्धी मार्क्सवादी सिद्धान्तअनुसार सेना राज्यसत्ताको प्रमुख सङ्घटक हो । जसले राज्यसत्ता कब्जा गर्न र टिकाउन चाहन्छ ऊससँग बलियो सेना हुनैपर्छ । युद्ध सर्वशक्तिमानताको वकालत गरेकोमा केही मानिसहरू हामीप्रति हाँस्छन् । हो, हामी क्रान्तिकारी युद्धका पक्षपाती हौँ । यो राम्रो कुरा हो, नराम्रो कुरा होइन । रुसी बन्दुकहरूले समाजवादको सिर्जना गरे । हामी जनतान्त्रिक गणतन्त्र सिर्जना गर्नेछौँ । साम्राज्यवादी युगमा वर्गसङ्घर्षको अनुभवले हामीलाई के सिकाउँछ भने बन्दुकको बलले मात्र श्रमिक जनसमुदायले सशस्त्र पुँजीपति र भूमिपतिलाई हराउन सक्छन् । यही अर्थमा हामी के भन्न सक्छौँ भने केवल बन्दुकले नै विश्वलाई रूपान्तरण गर्न सकिन्छ । हामी युद्धको अन्त्यका पक्षपाती हौँ ।तदनुरूप बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउनैपर्छ ।'

– ग्रन्थ २, अङ्ग्रेजी संस्करण, पृ. २२५ ।

आफूलाई मार्क्सवादी-लेनिनवादी-माओवादी भन्न पनि पछि नपर्ने पीके दाहाल र केपी ओलीजस्ता नवप्रतिक्रियावादीहरूलाई माओले यसरी भर्त्सना गनुएभएको छ । यी हाल सामाजिक दलाल पुँजीवादी देखिए पनि सामाजिक फासिवादमै पुग्छन् भन्ने कुरा क्रान्तिकारीहरूमाथिको दमनले प्रकाश पार्दै गएको छ ।

प्रिय पाठकवृन्द ! तपाईंहरूले मालेमावादको दोसल्ला ओढेर मालेमावादकै मुटुमा छुरी धस्ने धोकेबाज प्रचण्ड, बाबुराम र केपी ओलीहरूलाई त निगरानीमा राखेर हेरिरहनुभएको छ नि ? पहिलो कुरा, यी कम्युनिस्टहरू होइनन् । आदरणीय जनसमुदाय, जसलाई तपाईंहरूले कम्युनिस्ट ठानेर चुनावमा मतदान गर्नुभयो, ती कम्युनिस्ट होइनन् । उनीहरू भेडाको छाला ओडेका ब्वाँसाहरू हुन् जो साधारण ब्वाँसाहरूभन्दा दस गुणा खतरनाक छन् । जनतालाई कन्याउँदै जाँदा मुटु-कलेजो झिकेर खाएको थाहा हुँदैन । जनताकै करबाट भरिएको ढुकुटी विकास निर्माणकै मीठा कुरामा रित्तिन्छ । यति मात्र होइन, उनीहरू देशभित्रका दलाल पुँजीवादी र साम्राज्यवादीहरूद्वारा अर्बौं रुपैयाँमा किनिएका छन् । त्यसकारण उनीहरू दलाल पुँजीवादका चाकर भएका छन् र साम्राज्यवादका दलाल बनेका छन् । कम्युनिस्ट भनेको निजी सम्पत्तिको अन्त्य गर्नु र सामूहिक एवम् साझा सम्पत्तिको विकास गर्नु हो । आफू अर्बपति बनेर जनतालाई कङ्गाल बनाउने उनीहरू कम्युनिस्ट कसरी हुन सक्छन् ? उनीहरूले निजी सम्पत्तिका लागि हजारौँ सहिदहरूको रगत बेचेका छन् । यी गद्दारहरूको स्वर्ग बनेको राज्यसत्तालाई ढाल्न र सहिदको सपना वैज्ञानिक समाजवाद ल्याउन जनसेनाको विकास इतिहासको अपरिहार्य आवश्यकता बनेको छ ।

दोस्रो कुरा, उत्पीडित वर्गले आफ्नो मुक्ति चाहन्छ भने उसले बन्दुक सङ्गठित गर्नुको विकल्प छैन । माओले समग्र प्रक्रियाको विश्लेषण गरेर नै 'सेना नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन' भन्नुभएको हो । कतिपय इमानदार मानिसहरूलाई कस्तो लाग्न सक्छ भने कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीपनि यही संसदीय व्यवस्थाको चुनावमा भाग लिएर सरकारमा पुगे त जनताको समस्या समाधान भइहाल्थ्यो होला । किन बेकारमा फेरि बन्दुक बोकेर रगत बगाउन खोजेका होलान् ? प्रिय साथीहरू र आदरणीय जनसमुदाय, यो एउटा भोलाभाला प्रश्न हो । यो बाघको अघिल्तिर बाख्राले बिन्ती बिसाउनुपर्छ भनेजस्तै भोलाभाला कुरा हो । तपाईंहरूलेस्थानीय, प्रादेशिक र केन्द्रीय चुनावको स्थिति आफ्नै आँखाले देख्नुभयो नि ? गाउँपालिकाको वडा सदस्य जित्न कम्तीमा २० लाख, गाउँपालिका जित्न ५० लाख, नगरपालिकाको वडा जित्न अर्बौं पैसा चाहिन्छ । पैसाले मात्र भोट सुनिश्चित हुँदैन, सुनिश्चितताका लागि प्रहरी, सेना, गुण्डा र कर्मचारी किनेर राख्नुपर्छ । नत्र भने कुनै उम्मेदवारले प्राप्त भोट जसले पैसा बढी दिएको छ त्यसकै मतपेटिकामा जान सक्छ । पैसा प्राप्त भएमा मतपेटिकामा मत नपरेको भए पनि मतपत्र भरिन सक्छ । चुनावमा जनतालाई मतदान गरेर इमानदार र योग्य उम्मेदवारलाई जिताउनुहोस् भन्ने कुरा खोक्रो बकबास हो । पैसा र बन्दुक कसको हातमा छ, उसैलेचुनावमा विजय सुनिश्चित गर्दछ । किसान, मजदुर, सिपाही र सुकुमबासीका छोराछोरीले यसबाट सत्ता प्राप्त गर्ने कुरा दिवासपना मात्र हो । चुनावखर्च कति महँगो भएको छ भने मध्यमवर्ग र राष्ट्रिय पुँजीपतिले पनि यसबाट हात धुनुपर्ने स्थिति आइसक्यो । नेपालजस्तो देशमा त आफ्ना दलालहरूलाई उम्मेदवार बनाएर साम्राज्यवादीहरूले ठूलो लगानी गरिरहेका हुन्छन् । त्यसकारण उत्पीडित वर्गले आफ्नो सेना नबनाईकन मुक्ति प्राप्त हुन सक्दैन । जसले गरिबी, अन्याय, भ्रष्टाचार र उत्पीडनबाट मुक्ति चाहन्छ, उसले बन्दुक प्राप्त गर्न र बन्दुक चलाउन सिक्नैपर्छ ।

तेस्रो कुरा, मानिसहरूलाई के भ्रम परेको छ भने सरकारमा पुग्नु नै राज्यसत्ता प्राप्त गर्नु हो । राज्यसत्ता र सरकार पर्यायवाची शब्द होइनन् । सबैलाई थाहा हुनुपर्छ- सरकार राज्यसत्ताको एउटा अङ्ग हो । सेना, प्रहरी, प्रशासन, अदालत र कारागारसहित पाँचवटा सङ्घटकलाई बिर्सेर सरकारलाई मात्र राज्यसत्ता ठान्नु कुकुरले पुच्छर होइन, पुच्छरले कुकुर हल्लाउन खोज्नु हो । सरकार राज्यसत्ताको एउटा मञ्च मात्र हो । प्रधानमन्त्री र मन्त्रीहरू आउँछन् र जान्छन् ।स्थायी सरकार त पर्दापछाडि हुन्छ । त्यसकारण सरकार ढाल्नु भनेको राज्यसत्ता ढाल्नु होइन, बरु त्यस मञ्चका पात्र फेरिनु हो । त्यसमा पनि वर्ग फेरिएको छैन । उत्पीडित वर्गको त कुरै छोडौँ, उत्पीडित वर्गको प्रतिनिधि थियो भने पनि त्यसलाई उत्पीडकमा रूपान्तरण गरेर मात्र पुरानो राज्यसत्ताको सरकारमा पुऱ्याइएको छ । त्यसकारण उत्पीडित वर्गले यो पूरै राज्यसत्ता पल्टाएर नयाँ सत्ता स्थापना गर्न बन्दुकको दर्शन गहिरो गरी बुझ्न जरुरी छ । अतिरिक्त सम्पत्तिको रक्षा गर्न इतिहासमा सेना र बन्दुकको जन्म भएको हो । कसैले बन्दुकको अन्त्य चाहन्छ भने न्यायपूर्ण युद्धका लागि बन्दुक बोक्नैपर्छ । यही सारतत्वलाई बुझेर नै माओले राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ भन्नुभएको हो ।

३.३) एकीकृत जनक्रान्ति तथा एकीकृत सैन्य कार्यदिशाको प्रमुख निशाना दलाल पुँजीवाद हो । यसलाई अर्को शब्दमा ऐँजेरु पुँजीवाद पनि भन्न सकिन्छ । यसको अर्थ यो आफैँ जमिनमा उम्रेको होइन, बरु अरूरूखको हाँगोमा आएर पलाउँछ र रूखै सुकाईदिन्छ । यसले राष्ट्रिय पुँजीलाई त्यो रूख सुकाएझैँ सुकाउँछ । नेपालमा राष्ट्रिय पुँजीको विकास नहुनुको कारण ऐँजेरु पुँजीवाद नै हो । यसैको राजनीतिक अभिव्यक्तिका रूपमा दलाल संसदीय व्यवस्था बन्न गएको छ । कथित नेपाल कम्युनिस्ट पार्टी (नेकपा), नेपाली काङ्ग्रेस, कतिपय मधेसवादी दलहरूको दलालीकरण भएको छ । राप्रपाका गुटहरू पनि दलाल पुँजीवादबाट प्रभावित छन् ।

अर्को निशाना नोकरशाही पुँजीवाद हो । बहालवाला र गैरबहालवाला भ्रष्ट कर्मचारीहरू नै नोकरशाही पुँजीवादका प्रतिनिधिहरू हुन् । उनीहरूले सीधै साम्राज्यवादको पृष्ठपोषण पाएका हुन्छन् । संसदीय राजनीतिक दलहरूलाई दलाल पुँजीवादको स्वार्थमा घुमाउन उनीहरूको महत्वपूर्ण भूमिका हुन्छ । उनीहरूमाथिको कारबाहीले जनसेवा नै हुन पुग्छ । स्थायीरूपमा उनीहरूले राज्यसत्ता सञ्चालन पनि गरिरहेका हुन्छन् ।

तेस्रो निशाना, सामन्तवाद राज्यसत्ताको नेतृत्वबाट हारे पनि उसको दीर्घ शासनसत्ताको दीर्घ प्रभाव रहेको हुन्छ । धेरैजसो सामन्तको जमिन दलाल पुँजीपतिहरूले लिइसकेको भए पनि स्वयम् सामन्त तथा जमिनदारहरू दलाल पुँजीपति भइसकेका छन् । सामन्तवादको संस्कृति पनि जरा गाडेर बसेको छ ।

आज हामी के कुरामा स्पष्ट हुन जरुरी छ भने नेपाली जनताका यी तीन निशानामध्ये दलाल पुँजीवाद नै अरूमाथि निरपेक्ष रूपले हाबी छ र नेतृत्व गरिरहेको छ । राज्यसत्तामाराजनीतिक अभिव्यक्ति पनि नेतृत्वमै हाबी छ ।

अब हामीले दलाल पुँजीवाद, नोकरशाही पुँजीवाद र सामन्तवादका विरुद्ध लड्ने क्रान्तिका मित्रहरू कोको हुन् भनी पहिचान गर्नुपर्छ । यसको विश्लेषण नगरी हामी अघि बढ्न सक्तैनौँ । हामीले सामान्यतः किसान, मजदुर, सिपाही, सुकुमबासी, मध्यमवर्ग, राष्ट्रिय पुँजीपति र देशभक्तहरूलाई क्रान्तिका मित्र शक्ति मानेका छौँ । हिजो मध्यमवर्ग पुँजीपति बन्ने सपनाका साथ सानो सम्पत्तिको लोभले ढुलमूल थियो तर त्यसको ठूलो भाग क्रान्तिमा आउन बाध्य हुन्थ्यो तर आज अति केन्द्रीकृत र अति एकाधिकारवादी पुँजीका कारण उसको ढुलमूल रहने चरित्र सकिँदै गएको छ । अति एकाधिकारवादी पुँजीवादको बढी रस चुस्ने स्रोत भनेको मध्यमवर्ग नै बनेको छ । आजको किसान नेपालमा सम्भव आधुनिक औजारहरूसहित कृषिको फार्मिङ प्रणालीमा गइरहेको छ । उसका लागि मल, बिउ, उत्पादित वस्तुहरूको बजार र उचित मूल्य प्राप्त गर्ने समस्या छ । दलाल पुँजीपतिहरूले र साम्राज्यवादीहरूले उनीहरूको माल बिक्रीमा बाधा पारिरहेका हुन्छन् । आज सामन्ती साहूहरूको सट्टा उनीहरूले सहकारी र कृषि बैङ्कबाट ऋण लिनुपर्ने स्थिति छ । ती बैङ्क नामका साहूहरू घरखेतबाट ऋण असुली गर्न पछि पर्दैनन् ।

मजदुरवर्ग मार्क्स, लेनिन र माओको पालाको भन्दा स्वरूपमा भिन्न छ । अहिले त्यतिबेलाको जस्तो विशुद्ध औद्योगिक मजदुर होइन, बरु कम्प्युटरबाट काम गर्ने र कारबाट काममा जाने मजदुरहरू आइसकेका छन् । माथि भनिएकै छ- आज लाखौँमजदुरहरू एउटै कारखानामा काम गर्दैनन् । उनीहरूलाई विकेन्द्रित उत्पादनप्रणालीमा अलगथलग पारिएको छ । त्यसकारण उत्पादन केन्द्रहरूमा मात्र होइनन्, बरु विकेन्द्रित वितरण केन्द्रहरूमा पनि मजदुर खोज्नुपर्छ । विचारधारात्मक हिसाबले पनि केन्द्रित गर्नुपर्छ ।

आज हामीले सिपाही भन्नाले बहालवाला र गैरबहालवाला सरकारी सिपाही र प्रहरी नेपालका गाउँगाउँ र सहरसहरदेखि अरेबियन देशहरूदेखि युरोपसम्म पुगेका पूर्वजनमुक्ति सेना, गोरखा भर्तीकेन्द्रका नाममा बेलायत र भारतीय सेनामा रहेका नेपालीहरू, सेक्युरिटी गार्डहरू सबैलाई बुझ्नुपर्दछ । उनीहरू पनि हिजोको सिपाहीजस्तो एकहोरो मात्र छैनन् ।अरू केही नभए पनि फेसबुकबाट सुसूचित हुन्छन् । कहीँ न कहीँ जनतातिर फर्कनुपर्ने र संसारतिर फर्कनुपर्ने बाध्यता छ । त्यसमा मालेमावादको चेतना पुऱ्याउनुपर्ने आवश्यकता छ ।

हाम्रो देशका सुकुमबासीहरूभित्र हुकुमबासीहरू मिसिएर उनीहरूलाई प्रदूषित बनाइरहेका छन् । त्यसमा जग्गा दलालहरूले नाफा कमाइरहेका छन् । वास्तविक सुकुकबासीहरूलाई विचारधारात्मक र सङ्गठनात्मक रूपमा सङ्गठित गर्न जरुरी छ ।

एकीकृत जनक्रान्तिको कार्यनीतिक लक्ष्य भनेको वैज्ञानिक समाजवाद हो । यो हाम्रो न्यूनतम् कार्यक्रम हो । हाम्रो अधिकतम् कार्यक्रम भनेको साम्यवाद हो । मालेमावादलाई आत्मसात गर्ने क्रान्तिकारी कम्युनिस्टहरू र हाम्रो पार्टीबीच न्यूनतम् कार्यक्रम नयाँ जनवाद बनाउने वा वैज्ञानिक समाजवाद भन्ने सवालमा बहस जारी छ भनेका छौँ ।

हाम्रो पार्टीले आठौँ महाधिवेशनबाट न्यूनतम् कार्यक्रम वैज्ञानिक समाजवाद हो र नयाँ जनवाद क्रान्तिकाक्रममै पूरा गर्न सकिने यसको पूरक कार्यक्रम हो भन्ने पारित गरेको छ । हामीले यसलाई एउटा चरणका रूपमा मान्यता दिने परम्परामा क्रमभङ्ग गरेका छौँ । दलाल पुँजीवादका विरुद्ध लड्दै हामीले दुवैतिर लालसत्ताको अभ्यास गर्ने र त्यसलाई लालसेनाले संरक्षण गर्दै अघि बढ्नुपर्छ । क्रान्तिकारी कम्युनिस्टहरू र देशभक्तहरूको संयुक्त मोर्चाले नै लालसत्ता सञ्चालन गर्नुपर्दछ । यसमा मध्यमवर्ग र राष्ट्रिय पुँजीपतिहरू पनि सामेल हुनेछन् । पार्टीले लालसेना र लालसत्ताको नेतृत्व गरिरहेको हुन्छ । दलाल संसदीय व्यवस्थाको विकल्प नयाँ जनवाद होइन, वैज्ञानिक समाजवाद हुनुपर्दछ । क्रान्ति सम्पन्न हुनेबित्तिकै वैज्ञानिक समाजवादी गणतन्त्र नेपालको घोषणा गर्नुपर्दछ । चीनमा जस्तै ल्यु साओ ची र तेङ स्याओफङलाई अझै पुँजीवादको विकास नगरी समाजवादमा पुग्न सकिन्न भन्ने ठाउँ दिन हुँदैन । निश्चय नै साम्राज्यवादीहरूले यो क्रान्ति सजिलै सम्पन्न गर्न दिने छैनन् । यसका लागि अन्तर्राष्ट्रिय जनसम्बन्ध, भाइचारा सम्बन्ध र कूटनीतिक सम्बन्धलाई पनि विकास गरेर जानुपर्दछ । पुँजीवादी विचारधाराको भूमण्डलीकरणका विरुद्ध साम्यवादी विचारधाराको भूमण्डलीकरण गर्न जरुरी छ ।

यो क्रान्ति सम्पन्न गर्न हामीले तयारी, रिहर्सल र आक्रमणको प्रक्रिया पूरा गर्नुपर्दछ । आक्रमण गरिसकेपछि सासै फेर्न नदिईकन निरन्तर दुस्मनमाथि हमला गर्नुपर्दछ । विजय र पराजयको प्रक्रियाबाट विजयमा पुग्नुपर्नेछ ।

राजनीतिप्रति जागरुक र क्रान्तिकारी आन्दोलनबाट अनुभवी जनता, विगतको जनयुद्ध र जनआन्दोलनबाट अनुभव प्राप्त नेता तथा कार्यकर्ता, सङ्कटैसङ्कटमा फस्दै गएको र भयानक अन्तरविरोधले जेलिएको राज्यसत्ता, साम्राज्यवादले पूर्ण रूपमा विश्वास नगरेका पार्टीहरू, देशभक्तहरूको सकारात्मक

*बाँकी पृष्ठ ७ मा*

# सरकारी दमन र प्रतिबन्धका विरुद्धको बन्दको प्रभाव देशैभरि, यातायात बन्द गर्न नयाँ तरिका अपनाइयो

■ रातो खबर संवाददाता/काठमाडौँ

आफ्नो पार्टीमाथि गरिएको सरकारी दमन, प्रतिबन्ध र नेता-कार्यकर्ता गिरफ्तारीका विरुद्धमा नेपाल कम्युनिस्ट पार्टीले गरेको नेपाल बन्दको प्रभाव देशैभरि पर्‍यो। बन्दको दिन राजधानीबाट बाहिरिने र भित्रिने लामो तथा छोटो दूरीका सवारीसाधन ठप्प भए। त्यस्तै राजधानीबाहिरका जिल्लाहरूमा पनि सवारीसाधन, शैक्षिक संस्था, कलकारखाना, उद्योग, बजार बन्द भए। देशका मुख्य ठूला र साना सहरहरू बन्द रहे।

यसैबीच बन्दकर्ताहरूले पूर्वपश्चिम महेन्द्र राजमार्गमा ढुङ्गा थुपारेर यातायात बन्द गराए। सिराहाको मिथिला नगरपालिका गदाह पुलमा बन्दकर्ताहरूले रातभरि ट्याक्टरबाट ढुङ्गा थुपारेर सडक अवरुद्ध गराए। बन्दको अघिल्लो दिन सिराहकै शिशिर नगरपालिका वडा नम्बर ६ औराहारमा मशाल जुलुस निकालिएको थियो। यसैबीच ४ गते राति नै गुल्मीका तम्घास, अस्लेवा, धुर्कोट, नेटादर्लिङलगायत ठाउहरूमा मशालजुलुस निकालिएको थियो। बन्दको दिन बिहानै ठाउँठाउँमा बम विस्फोटका घटना भएका थिए।

### बाँके र कैलालीमा बम

बाँके जिल्लाको कोहलपुरमा बिहीबार बिहानै मुख्य राजमार्गमा नै प्रेसरकुकर बम फेलापरेको छ। सरकारले प्रतिबन्ध गरेको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले प्रतिबन्धको प्रतिरोधस्वरूप आह्वान गरेको पूर्वघोषित बन्दको दिन राजमार्गको बीचमै बम भेटिँदा यो क्षेत्र तरङ्गित बन्यो। उक्त स्थान इलाका प्रहरी कार्यालयबाट एक किलोमिटरको दूरीमा छ। कृषि हाटबजार अगाडिको पूर्वपश्चिम राजमार्गको मुख्य चोकमै प्रेसरकुकर बम फेलापरेको हो।

बीच चौराहामा नै बम भेटिएपछि सुरक्षा व्यवस्था झन् कडा पारिएको थियो। नेपाल प्रहरी र सशस्त्र प्रहरीले बम भेटिएको स्थानलाई घेरा हालेका थिए। उक्त प्रेसरकुकर बम सेनाको डिस्पोजल टोलीले निष्क्रिय पारेको थियो।

त्यसैगरी कैलालीको अत्तरियामा सोही दिन २ वटा बम फेलापरेका थिए। दुईवटै बम नेपाली सेनाद्वारा निष्क्रिय पारेको जानकारी हाम्रा कैलाली संवाददाताले दिएका छन्। बमका कारण स्थानीय बासिन्दा त्रसित बनेका थिए भने अत्तरियाको बजार ठप्प भएको थियो।

### मोरङमा कुकर बम

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दका क्रममा मोरङको सुन्दरहरैचामा शङ्कास्पद वस्तु फेलापरेको छ। बिहीबार बिहान सुन्दरहरैचा नगरपालिका ७ स्थित बेलगाछीमा कुकर बम फेलापरेको भन्दै डिस्पोजल टोली घटनास्थल पुगेको खबर छ।

कुकर बम फेलापरेपछि स्थानीय बासिन्दाहरू त्रसित भएका थिए। उक्त वस्तु डिस्पोज गर्न खोज्दा कुकरभित्र बासी भात भेटिएको छ। कुकरभित्र भातसँगै केही बारुद पनि भेटिएको प्रहरीले जनाएको छ। पुर्व-पश्चिम राजमार्गसमेत केही समय अवरुद्ध भएको थियो।

### झापामा बसमा आगो

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव) ले आफ्नो नेतृत्वको पार्टीमाथि लगाएको प्रतिबन्ध र पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' लगायत नेतकार्यकर्ता गिरफ्तारीविरुद्ध पूर्वघोषित नेपाल बन्द कार्यक्रमअनुसार वैशाख ५ गते जनताले प्रतिरोधस्वरूप एक स्कुल बसमाथि आगजनी गरेको छ।

जनताको पार्टीलाई प्रतिबन्ध फुकुवाको माग गर्दै बन्दको अवज्ञा गर्ने झापाको एक स्कुल बसमाथि नेकपाले आगजनी गरेको हो। बन्दको दिन झापामा बिहानैदेखि यातायात, शैक्षिक, उद्योग, कलकारखाना, सरकारी कार्यालय बन्द भएका थिए।

### लुम्बिनीमा भारतीय ट्रकमा आगो

नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दको प्रभाव लुम्बिनीमा पूर्ण रुपमा परेको छ। बन्दका कारण सार्वजनिक यातायातका साधन सञ्चालनमा आएनन्। बजार पनि ठप्प भयो।

सडकमा फाट्टफुट्ट निजी सवारीसाधनहरू चले भने सर्वसाधारणको आवतजावत पनि अत्यन्त पातलो रह्यो। सधैँ भीडभाड रहने बुटवलको लुम्बिनी बस टर्मिनलको टिकट बिक्री कक्ष बन्द रह्यो। सडकमा बन्द आह्वानकर्ता नदेखिए पनि चोकचोकमा प्रहरीले सतर्कता बढाएको थियो।

यता नवलपुरमा भारतको गुजरातबाट काठमाडौँ जानका लागि आउँदै गरेको आर जे ०२ जीबी २८७० नम्बरको ट्रकमा बन्दकर्ताले आगो लगाइदिएका थिए। आगलागीबाट ट्रकको अगाडिको भागमा क्षति पुगेको छ। सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीले ट्रकमा लागेको आगो निभाएको थियो। बन्दकै क्रममा विभिन्न स्थानमा बम तथा विस्फोटक पदार्थ भेटिएको प्रहरीले जनाएको छ।

यता रूपन्देहीका कोटिहवास्थित टाइगर प्यालेस होटेल जाने बाटोमा, कञ्चन गाउँपालिका, धकधई, लुम्बिनीलगायत क्षेत्रमा शङ्कास्पद वस्तु भेटिएका थिए।

यस्तै लुम्बिनीका कपिलवस्तु, नवलपरासी, रूपन्देही, नवलपुर, गुल्मी, अर्घाखाँची, पाल्पालगायत जिल्लामा बन्दको पूर्ण प्रभाव रहेको देखिएको त्यहाँस्थित हाम्रा संवाददाताहरूले बताएका छन्।

### पोखरामा एक सैनिक घाइते, बागलुङ र काभ्रेमा बम फेला

नेपाल कम्युनिस्ट पार्टीले सरकारले लगाएको प्रतिबन्ध फुकुवा नगरे सरकारविरुद्ध कडा आन्दोलनको घोषणा गरेर नेपाल बन्द गरेकै दिन जनताले पोखराको नदीपुरस्थित प्रदेशसभा भवनअगाडि राखेको बम डिस्पोज गर्ने क्रममा एक सैनिक घाइते भएका छन्। प्रदेशसभा भवननजिकै सडकमा कागजको डल्लोमा बेरेर डेटोनेटर डिस्पोज गर्ने क्रममा सैनिक धर्मबहादुर थापाको हातमा चोट लागेको हो। त्यसैगरी पोखराको लेखनाथस्थित सैनिक बस्तीमा पनि त्यस्तै शङ्कास्पद वस्तु भेटिएको छ।

त्यस्तै बागलुङको बागलुङ नगरपालिकामा पनि पाइप बम फेलापरेको छ। बमलाई नेपाली सेनाको टोलीले निष्क्रिय पारेको छ। त्यस्तै काभ्रेको पनौतीमा भेटिएको बम पनि सेनाले निष्क्रिय पारेको छ। बन्दमा काठमाडौँ उपत्यकामा पनि राम्रै प्रभाव परेको थियो।

### मकवानपुरमा दुईवटा गाडीमा आगजनी

मकवानपुरको थाहा नगरपालिका र भीमफेदी गाउँपालिकाका दुई स्थानमा बन्दकर्ताले बन्दको अवज्ञा गरेको भन्दै दुईवटा गाडीमा आगो लगाएका छन्। जिल्लाको पालुङबाट हेटौँडातर्फ आउँदै गरेको ना २ च ९०९४ नम्बरको गाडी र भीमफेदी गाउँपालिका ९ मा तरकारी बोक्ने ना ४ ख ७९०६ नम्बरको गाडीमा बिहीबार बिहानै आगजनी गरिएको प्रहरीले जनाएको छ। आगलागीबाट दुईवटै गाडीमा पूर्ण रूपमा क्षति भएको जनाइएको छ।

### कैलालीमा शङ्कास्पद वस्तु फेला

कैलालीको लम्की बसपार्कमा शङ्कास्पद वस्तु फेलापरेको छ। बसपार्कस्थित कर्णाली यातायातको टिकट बुकिङ काउन्टरभित्र शङ्कास्पद वस्तु भेटिएको हो।

रातो कपडाले बेरेको अवस्थामा शङ्कास्पद वस्तु भेटिएको खबरपछि इलाका प्रहरी कार्यालय लम्कीको टोली घटनास्थलमा पुगेको थियो।

जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायब उपरीक्षक दक्षबहादुर बस्नेतले उक्त शङ्कास्पद वस्तु के हो भन्ने नखुलेको बताए। शङ्कस्पद वस्तु निष्क्रिय पार्न नेपाली सेनासँग समन्वय गरिएको बस्नेतले बताएका थिए।

### पूर्वमा बन्दको राम्रो प्रभाव, जताततै प्रधानमन्त्री प्रतिबन्धको ब्यानर

नेपाल कम्युनिस्ट पार्टीको बन्दका कारण देशभरको जनजीवन प्रभावित बन्यो। सरकारले विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाएपछि प्रतिकारमा उत्रिएको नेकपाले ५ गते देशभर नेपाल बन्द तथा ६ गतेदेखि प्रधानमन्त्री केपी वलीको हरेक कार्यक्रममा प्रतिबन्ध लगाउँदै बन्द गर्ने जनाएको थियो।

बन्दका कारण प्रधानमन्त्री केपी वलीको गृहजिल्ला झापालगायत पूर्वका इलाम, पाँचथर, ताप्लेजुङलगायत जिल्ला प्रभावित भएका थिए। बन्दको दिन बिहानैदेखि लामो तथा छोटो दूरीका सवार 'साधन चलेनन्। उद्योग, कलकारखाना, विद्यालय तथा बजारहरू सुनसान बने। बन्दको दिन बिहानैदेखि झापाका बजारहरू सुनसान थिउ। सुरक्षाकर्मीको बाक्लो उपस्थित थियो। पूर्व पश्चिम राजमार्गसमेत सुनसान देखिन्थ्यो।

बन्दको दिन झापाका विभिन्न स्थानमा विप्लव नेकपाले प्रधानमन्त्री केपी वलीलाई प्रतिबन्ध लगाइएको ब्यानर टाँगेको थियो। झापाको मेचीनगर, बुद्धशान्ति, बिर्तामोड, दमक, भद्रपुर, झापा बजारलगायत विभिन्न स्थानमा ब्यानर टाँगिएको थियो। एकीकृत जनक्रान्ति जिन्दावाद लेखिएको ब्यानरमा 'फासिवादी जनदमन र पार्टी प्रतिबन्धका विरुद्ध बन्द सफल पारौँ। दलाल सत्ताको बौलाहापूर्ण निर्णयको प्रतिरोधका लागि वैशाख ६ देखि केपी वली सहभागी सम्पूर्ण कार्यक्रम प्रतिबन्ध गरौँ' भन्ने नारा लेखिएको छ।

### चितवन र नुवाकोटका विभिन्न ठाउँमा शक्तिशाली बम विस्फोट

जनताको पार्टीलाई सरकारले प्रतिबन्ध लगाएको र नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' लगायत नेताकार्यकर्तालाई गिरफ्तार गरेको भन्दै स्थानीय चितवन र नुवाकोटका जनताले प्रतिरोधस्वरूप बम विस्फोट गराए। नेपाल कम्युनिस्ट पार्टीको आह्वानमा जनताले चितवनका विभिन्न ठाउँमा र नुवाकोटमा शक्तिशाली बम विस्फोट गराएको समाचार प्राप्त भएको छ।

विस्फोट भएका स्थानहरू चितवनका खैरेनी नगरपालिका, राप्ती नगरपालिका, रत्ननगर नगरपालिका र कालिका नगरपालिकाका कालिचोक, भरतपुर महानगरपालिकाको नारायणगढचोकमा बम विस्फोट भएका थिए। त्यस्तै बुधबार बेलुका चितवनका गीतानगर, रामनगर र पूर्वी चितवनमा जनताले प्रतिरोधस्वरूप मशाल जुलुस निकालेका थिए।

उता बुधबार नुवाकोटको ककनीमा जनताले मसाल जुलुस निकालेका थिए भने विदुर नगरपालिकामा जनताले प्रतिरोधस्वरूप बम विस्फोट गराएका थिए।

विस्फोटबाट दुवै जिल्लाका जनता त्रसित बनेका थिए। बन्दका कारण चितवन र नुवाकोट आसपासमा लामो दूरीका सवारीसाधन चलेनन्। बन्दका कारण कलकारखाना, शैक्षिक संस्था, यातायात र व्यापार व्यवसाय सबै बन्द भए।

### हेटौँडामा कुकर बम भेटियो

हेटौँडा : नेपाल कम्युनिस्ट पार्टीको नेपाल बन्दको प्रभाव हेटौँडामा पनि परेको छ। नेपालको बन्दको दिन हेटौँडा उपमहानगरपालिका वडा नम्बर ८ वडा कार्यालयमा बिहानै प्रेसरकुकर बम फेलापर्‍यो। बम फेलापरेपछि जनता त्रसित बने। बन्दका कारण हेटौँडा आसपासमा लामो दूरीका सवारीसाधन चलेनन्। बन्दको कारण कलकारखाना, शैक्षिक संस्था, यातायात र व्यापार व्यवसाय सबै बन्द भए।

### रूपन्देही र पाल्पामा शक्तिशाली बम विस्फोट

नेपाल बन्दको प्रभाव देशव्यापी रूपमा परेको छ। बन्दलाई अवज्ञा गरेको भन्दै ठाउँठाउँमा आगजनीसमेत भएका छन्।

लुम्बिनीको प्रभावक्षेत्र रूपन्देहीमा ३ ठाउँमा विस्फोट भएको जनाइएको छ। बन्दको दिन बिहान ३ बजेतिर सैनामैनामा ठूलो आवाजसहित विस्फोट भएको थियो। त्यस्तै देवदहको धकधईमा पनि बिहान ४:३० बजेतिर ठूलो आवाजसहित विस्फोट भएको थियो।

यस्तै भैरहवाबाट बुटवलतर्फ जाँदै गरेको बसमा पेट्रोल बम प्रहार भएको थियो। यता कञ्चन गाउँपालिका परिसरमा बम फेलापरेको थियो।

रूपन्देहीको कोटीहवानजिकै टाइगर प्यालेस जाने बाटोमा बम भेटिएको थियो।

पाल्पाको रिब्दिकोट गाउँपालिकाको कार्यालयमा पनि बम विस्फोट भएको थियो। विस्फोटले गाउँपालिका भवनमा क्षति पुगेको छ भने सिसाहरू सबै फुटेका छन्।

यस्तै चौधरी उद्योगमा बम विस्फोट भएको थियो भने नवलपरासी सुस्ता पूर्वमा पनि ठाउँठाउँमा बम फेलापरेका थिए। बेल्डिया र रजहरको पुलनजिकै बम फेलापरेको थियो।

बन्दको पूर्वसन्ध्यामा गत बुधबार बभाङको सदरमुकाम चैनपुरमा शक्तिशाली बम विस्फोट भएको थियो। नेकपा बभाङले मशालजुलुस प्रदर्शन गरेलगत्तै विस्फोटको ठूलो आवाज आएको थियो।

त्यसैगरी पोखराको जिरो किमिनजिक टेपले बेरिएको शङ्कास्पद वस्तु फेलापरेको थियो। त्यस्तै सर्लाहीका विभिन्न ठाउँमा बम फेलापरेको र पूर्वपश्चिम राजमार्ग अवरुद्ध भएको थियो। सर्लाही लालबन्दीको फूलजोर पुलमा शङ्कास्पद वस्तु फेलापरेको थियो। त्यसैगरी तनहुँको तनहुँ शुक्लागण्डकी-४, दुलेगौँडामा पनि शङ्कास्पद वस्तु फेला परेको थियो। बन्दका कारण कलकारखाना, शैक्षिक संस्था, यातायात र व्यापारव्यवसाय सबै ठप्प भए।

### चौधरी उद्योगको गेटमै शक्तिशाली बम विस्फोट

नवलपुरको देवचुली नगरपालिकास्थित दुम्कौलीमा रहेको विनोद चौधरीद्वारा सञ्चालित चौधरी ग्रुप अन्तर्राष्ट्रिय पार्क (चौधरी उद्योग ग्राम) को मुख्य प्रवेशद्वारनजिकै शक्तिशाली बम विस्फोट भएको थियो। विस्फोटले नजिकैको पर्खाल र वरिपरि क्षति गराएको छ। विस्फोट चौधरी उद्योग लक्षित भएको हुनसक्ने स्थानीयले बताए। यसअघि पनि उद्योग लक्षित विस्फोट भएको थियो।

नेकपाले पटकपटक उद्योगको आन्तरिक गतिविधि मजदुरमाथि विभेदपूर्ण व्यवहार रहेको भन्दै विज्ञप्ति निकाल्दै गल्ती सच्याउन चेतावनी दिँदै आएको थियो।

### दाङमा मशालजुलुस

नेपाल बन्दको पूर्वसन्ध्यामा बुधबार दाङका विभिन्न ठाउँमा मशालजुलुस निकालिएको थियो। दाङको शान्तिनगर, तुलसीपुर, लमही, घोराहीका विभिन्न ठाउँमा मसाल जुलुस गरेको नेकपाले जनाएको छ।

## महासचिव विप्लवद्वारा धन्यवाद तथा आभार व्यक्त

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले आफ्नो पार्टीले घोषणा गरेको वैशाख पाँच गतेको आमहडतालसहितको नेपाल बन्द सफल पारेकोमा सम्बन्धित पक्षप्रति धन्यवाद तथा आभार व्यक्त गरेका छन्। उनले वक्तव्यमा भनेका छन्, 'हाम्रो पार्टीले केपी वली सरकारका पछिल्ला गतिविधि र मुख्य रूपमा स्थायी समिति सदस्य सुदर्शन, पीबीएम मोहन कार्की, केन्द्रीय सदस्य वसन्त श्रेष्ठ तथा महिला सङ्गठनकी केन्द्रीय अध्यक्ष बन्धु चन्दलगायत नेता, कार्यकर्ता, समर्थक, शुभचिन्तक र जनतालाई गिरफ्तार गरी झूट्ठा मुद्दा लगाउने, अप्रेसनका नाममा गाउँगाउँमा आतङ्क सिर्जना गर्ने, पार्टी तथा जनवर्गीय सङ्गठनका गतिविधिमाथि प्रतिबन्ध लगाउने काम गरेपछि त्यसको प्रतिरोधस्वरूप आज आमहडतालसहितको नेपाल बन्दको आयोजना गरेकोमा उक्त कार्यक्रम सबै देशभक्त, जनवादी तथा आमजनताको सहयोग, समर्थन र ऐक्यबद्धतामा सफल भएको छ। त्यसका लागि देशका सबै व्यवसायी, उद्योगपति, शिक्षण संस्था, व्यापारी तथा सम्पूर्ण देशभक्त तथा गणतन्त्रवादी शक्तिप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछौँ।'

साथै यो सरकार र वर्तमान सत्ताले नेपाली जनता र देशको रक्षा गर्न नसक्ने भएकाले आफ्नो पार्टीले अघि बढाएको सङ्घर्षमा लाग्न पनि उनले आग्रह गरेका छन्। उनले भनेका छन, 'देशको अवस्था दिनानुदिन बिग्रिँदै गएको छ। यो सरकारले जनघात र राष्ट्रघातलाई झनै बढाएर गएको छ। त्यसैले देश र जनता असाध्यै जोखिममा पर्दै गएका छन्। जनताको वास्तविक मुक्ति ल्याउन र देशलाई बचाउन एकपटक फेरि नयाँ सङ्घर्षमा एक भएर लाग्न जरुरी भैसकेको छ। त्यसैले हाम्रो पार्टीले निरन्तर आन्दोलनको नेतृत्व गर्दै आइरहेकाले देशभक्त, सच्चा लोकतन्त्रवादी, गणतन्त्रवादीलाई उक्त आन्दोलनमा लाग्न विशेष आग्रह गरिन्छ।'

## नेकपाका तीन जिल्ला नेता गिरफ्तार, तत्काल रिहा गर्न माग

काठमाडौँ : नेपाल कम्युनिस्ट पाटीका तीनजना जिल्ला नेता गिरफ्तार भएका छन्। गिरफ्तार पर्नेहरूमा नवलपुरका जिल्ला सदस्य पुरुषोत्तम रेग्मी र पाल्पाका किसान, अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष टोपराज बस्याललाई प्रहरीले बिहीबार गिरफ्तार गरेको जनाइएको छ। उनीहरूलाई गिरफ्तार गर्नुको कारण भने प्रहरीले खुलाएको छैन।

त्यस्तै पूर्वी नेपालको खोटाङबाट नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सचिवालय सदस्य सुदीप अधिकारीलाई प्रहरीले गिरफ्तार गरेको छ। उनलाई वैशाख २ गते आफ्नै कामको सिलसिलामा घर जाँदै गर्दा जिल्लाको हलेसीबाट प्रहरीले गिरफ्तार गरेको जानकारी नेकपा खोटाङले विज्ञप्तिमार्फत दिएको छ। उनलाई गिरफ्तार गरी दिक्तेल हिरासतमा राखेको समाचार प्राप्त भएको छ। अधिकारीलाई बिनासर्त तत्काल रिहा गर्न नेकपा खोटाङले माग गरेको छ। जिल्ला सेक्रेटरी सूर्य किरणले विज्ञप्ति प्रकाशित गर्दै राजनीतिक आस्थाका आधारमा गरिएको उक्त गिरफ्तारीको घोर निन्दा तथा भर्त्सना गरेका छन्।

## जितगढी किल्लामा केपी वलीलाई कालोझन्डा !

### 'सुरक्षाकर्मी कहाँ गए ? कालो झन्डा देखाइरहेको छ, के हेरिरहनुभएको तपाईंहरूले ?' : वली

■ रातो खबर संवाददाता/काठमाडौँ

**बुटवल** : प्रधानमन्त्री केपी वलीलाई जितगढीमा कालो झन्डा देखाइएको छ। जितगढी विजयोत्सवमा मन्तव्य दिइरहेको बेला एक युवकले प्रधानमन्त्री वलीविरुद्ध नारा लगाउँदै कालो झन्डा देखाएका हुन्।

प्रधानमन्त्रीले सम्बोधन गरिरहँदा ती युवकले जितगढी जिन्दावाद, उजीरसिंह अमर रहून्, हाम्रो देश प्राणभन्दा प्यारो छ, वली मुर्दावादलगायत नारा लगाएका थिए। कालो झन्डा देखाउने अर्घाखाँचीका रुद्रप्रसाद घिमिरेलाई प्रहरीले नियन्त्रणमा लिएको छ। प्रधानमन्त्री वली जितगढी किल्लाका विषयमा बोलिरहेका बेला घिमिरेले असन्तुष्ट हुँदै कालो झन्डा देखाएको बताइएको छ।

प्रधानमन्त्री वलीले आफ्नो सम्बोधन रोकेर भने, 'सुरक्षाकर्मी कहाँ गए ? झन्डा देखाइरहेको छ, के हेरिरहनुभएको तपाईंहरूले ?' घिमिरेले मञ्च नजिक पुगेर कालो झन्डा देखाउँदै नारा लगाएका थिए।

कार्यक्रममा प्रधानमन्त्री वलीसँगै रक्षामन्त्री ईश्वर पोखरेल, प्रदेश-५ का प्रमुख उमाकान्त झा, मुख्यमन्त्री शङ्कर पोखरेल, पूर्वमन्त्रीहरू विष्णु पौडेल, बालकृष्ण खाणसहित प्रदेशका सभामुख, मन्त्री र प्रधानसेनापति सहभागी थिए। नेपाली सेनासहित जनपद र सशस्त्र प्रहरीले पाँच घेरामा प्रधानमन्त्रीको सुरक्षा दिएका थिए। सुरक्षा व्यवस्था सेनाले नै गरेको थियो।

## जनताले थुने जनप्रतिनिधि र कर्मचारीलाई

**विराटनगर** : जनप्रतिनिधि र कर्मचारीलाई सर्वसाधारणले कार्यकक्षमै थुनिदिएका छन्। विराटनगर महानगरपालिका ६ का जनप्रतिनिधिलाई स्थानीय बासिन्दाले कार्यकक्षमै थुनेका हुन्।

जनप्रतिनिधि र कर्मचारीले सुकुमबासीको घर भत्काइदिएको भन्दै सर्वसाधारणले वडाअध्यक्ष विजय कामत र सदस्यसहित कर्मचारीहरूलाई कार्यकक्षमै थुनेका हुन्। उनीहरूलाई कार्यकक्षमै राखेर बाहिरबाट ताला लगाइएको थियो।

सार्वजनिक जग्गा अतिक्रमण गरेको भन्दै महानगरले डोजर लगाएर सुकुमबासीका टहरा भत्काएकाले आक्रोशित हुँदै पीडितहरू शुक्रबार १० बजेअघि नै वडा कार्यालयमा पुगेका थिए। उनीहरूले अध्यक्ष कामत र कर्मचारी भूमाफियाको प्रभावमा परेर आफूहरूको उठिबास लगाएको भन्दै कार्यकक्षमै ताला लगाएका थिए। जनप्रतिनिधिलाई भित्र थुनेर सुकुमबासीहरूले बाहिर नाराबाजी गरेका थिए।

महानगरपालिकाका मेयर भीम पराजुलीले भने सार्वजनिक जग्गामा व्यक्तिले पैसा उठाएर सुकुमबासीले टहरा बनाएपछि डोजर लगाइएको बताएका छन्।

# थबाङमा प्रहरीको खानतलासी, ऊर्जामन्त्री पुनको आदेशमा स्थानीयको घर फोरियो

**रोल्पा** : थबाङमा प्रहरीले नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताको घर खानतलासी गरेको छ । ऊर्जामन्त्री वर्षमान पुनको ठाडो निर्देशनमा प्रहरीले ने.क.पा. का कार्यकर्ताको घरमा खानतलासी गरेको हो ।

मन्त्री पुन थबाङ पुगेको साँझ नै गाउँआसपासका डाँडाहरूमा नेकपाका कार्यकर्ताले राँके जुलुस र नाराबाजी गरेपछि प्रहरीले स्थानीयको घरमा खानतलासी गरेको थियो । स्थानीय बासिन्दाका अनुसार कार्यकर्ता खोज्न गाउँ पसेको प्रहरीले स्थानीय महिला र बालबालिकालाई धम्क्याएको थियो ।

मन्त्रीको सुरक्षार्थ थबाङ पुगेको प्रहरी स्थानीय नेकपाका नेता जयप्रकाश रोका 'प्रताप' र युवा नेता अमित घर्तीमगरको घरमा जबर्जस्ती छिरेर धम्क्याएको स्थानीयले बताएका छन् ।

'प्रहरीले माथिको आदेश छ, तिमीहरूलाई ठीक पार्छौं भनेर धम्क्याए,' थबाङकी एक महिलाले भनिन्, 'प्रहरीले घरका ढोकासमेत फुटाइदिएका छन् ।'

घर खानतलासी गर्दा मन्त्री पुनसँगै प्रमुख जिल्ला अधिकारी गञ्जबहादुर एमसी, प्रहरी नायब उपरीक्षक दीपक खड्कालगायत सुरक्षा अधिकारी थबाङमै थिए । मन्त्री पुनसँगै थबाङमा प्रदेश सांसद दीपेन्द्रकुमार पुन र जिल्ला समन्वय समितिका प्रमुख राजबहादुर बुढासमेत थिए ।

सडकमार्गबाट थबाङ पुगेका ऊर्जामन्त्री वर्षमान पुन नेपाल बन्दमा परेपछि हेलिकोप्टर मगाएर सदरमुकाम फर्केका थिए । जलजला क्षेत्रलाई 'पर्यटकीय स्थल' घोषणा गर्न सडक मार्गबाट बुधबार थबाङ पुगेका ऊर्जामन्त्री पुन बिहीबार सवा ९ बजेतिर हेलिकोप्टरबाट सदरमुकाम लिबाङ गएका हुन् ।

# पत्रकार महासङ्घद्वारा सञ्चारमन्त्रीलाई ज्ञापनपत्र, माग पूरा नभएसम्म आन्दोलन नरोक्ने

■ **रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल पत्रकार महासङ्घले विद्युतीय कारोबार ऐनको दफा ४७ खारेज नभएसम्म आफ्नो चरणबद्ध आन्दोलन नरोक्ने भएको छ । सूचना, सञ्चार तथा प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटालाई ज्ञापनपत्र बुझाउँदै पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले उक्त चेतावनी दिएका हुन् ।

पोखराका पत्रकार अर्जुन गिरिलाई समाचार लेखेकै आधारमा नेपाल प्रहरीले विद्युतीय कारोबार ऐनको दफा ४७ मा टेकेर मुद्दा चलाएपछि अहिले देशभरका पत्रकारहरू आन्दोलनमा छन् ।

प्रेस काउन्सिलमा दर्ता रहेको ताण्डव न्युज डटकममा प्रकाशित समाचारलाई विद्युतीय कारोबार ऐनको उक्त दफाका आधारमा मुद्दा चलाइएपछि आन्दोलित पत्रकार महासङ्घको केन्द्रीय टोलीले पटकपटक यो दफाका कारण पत्रकारहरू समाचार लेखेकै आधारमा प्रहरी हिरासतमा पुग्ने गरेको भन्दै यस दफालाई नै खारेज गर्न माग गरेको हो ।

ज्ञापनपत्र बुझ्दै सञ्चारमन्त्री बाँस्कोटाले अब यसरी पत्रकारहरूलाई विद्युतीय ऐनमार्फत मुद्दा नचलाइने भन्दै हिरासतमा रहेका गिरिका बारेमा पनि अदालतले बिहीबार नै फैसला गरेपछि बिहीबार नै उनी छुट्ने सम्भावना रहेको बताएका छन् ।

ज्ञापनपत्र बुझाउन गएको पत्रकारको टोलीमा महासङ्घका महासचिव रमेश बिष्टले ज्ञापनपत्र पढेर सुनाएका थिए ।

# प्रहरी घेरामा राष्ट्रिय मानवअधिकार

■ **रातो खबर संवाददाता**/नेपालगञ्ज

प्रहरीद्वारा पुनः पक्राउ पर्ने आशङ्कामा वैशाख ८ गते नेकपाका एक कार्यकर्ता राष्ट्रिय मानवअधिकार आयोग पुगेका छन् । जिल्ला अदालत बाँकेबाट मानवअधिकार अनुगमन टोलीको निगरानीमा साधारण तारेखमा छुटेका दानबहादुर फडेरा आयोगमा पुगेका हुन् ।

प्रहरीले पुनः पक्राउ गर्ने आशङ्कामा फडेरा आयोगको कार्यालय पुगेका हुन् । राष्ट्रिय मानवअधिकार आयोग नेपालगन्जका प्रमुख चन्द्रकान्त चापागाईंले फडेरा आयोगमै रहेको बताए । 'उहाँ प्रहरीप्रति आशङ्कित भई आयोग आउनुभएको हो', उनले भने, 'हामी घटनाबारे बुझिरहेका छौँ ।'

'फडेरा अहिलेसम्म आयोगको कार्यालयमा नै हुनुहुन्छ । उहाँले बाहिर असुरक्षित अनुभूति गरेपछि हामीले कार्यालयमा नै राखेका छौँ', आयोगका एक अधिकारीले भने, 'प्रहरीले राति १० बजे आयोग कार्यालय पुगी सुरक्षा गार्डलाई ढोका खोल भन्दै दुर्व्यवहार गरेका छन् ।'

# इलाममा प्रधानमन्त्री वलीलाई प्रतिबन्ध

**सर्गम श्रेष्ठ 'सुमन'**

इलाम : केपी-बादल सरकारले घरैमा बसिरहेका बेला लुगासम्म लगाउन नदिई इलामको फाकफोकथुम लुङदेबाट गिरफ्तार गरिएका सन्त गजमेरलाई २४ दिनपछि हिरासतमुक्त गरिएको छ । आफूलाई विभिन्न तरिकाले मानसिक यातना दिएको, सत्ताधारी नेकपाका कार्यकर्ताले आत्मसमर्पण गराउन खोजेको र विभिन्न प्रलोभनमा पार्न खोजेकोप्रति गजमेरले दुःख ब्यक्त गरेका छन् । उनले आफू हिरासतमा रहँदा सहयोग पुऱ्याउने पार्टी र आम जनता तथा शुभचिन्तकलाई धन्यवाद पनि दिए । २४ दिन हिरासत बसाइलाई आफूले क्रान्तिको पाठका रूपमा लिएको र पढ्नै नदिई कागजमा हस्ताक्षर गराउने कार्य दुःखदायी भएको उनले बताए । 'शुभचिन्तकसम्मलाई गिरफ्तार गरेर हिरासतमा राख्नु भनेको राणा शासनको झल्को दिनु हो', अब तपाईं कसरी अगाडि बढ्नुहुन्छ भन्ने प्रश्नमा उनले भने, 'अहिले घर जाँदैछु । पछि थाहा पाइहाल्नुहुन्छ नि ।'

इलाम जिल्ला इन्चार्ज सर्वश्रेष्ठले अबदेखि इलाममा प्रधानमन्त्री केपी वलीलाई प्रतिबन्ध लगाइएको जानकारी दिए ।

# नेकपाका युवा नेता शैलेन्द्र गिरफ्तार

**कैलाली** : नेपाल कम्युनिस्ट पार्टी कैलाली जिल्लाको कैलारी गाउँपालिका २ उजलीसेमराबाट एरिया सदस्य शैलेन्द्र बीसीलाई घरमै बसिर हेको बेला वैशाख ८ गते दिउँसो २ बजे प्रहरीले गिरफ्तार गरेको एरिया इन्चार्ज अबिरले बताएका छन् । बिनाकारण गिरफ्तार गरिएका बीसीलाई तत्काल रिहा नगरे भयावह अवस्था आउनसक्ने चेतावनी उनले दिए । बीसीलाई जिल्ला प्रशासन कार्यालय धनगढीमा राखिएको समाचार प्राप्त भएको छ ।

# झापाबाट नेकपाका २ कार्यकर्ता गिरफ्तार, गिरफ्तारी विरुद्ध जिल्ला इन्चार्ज सौगातको चेतावनी

■ **रातो खबर संवाददाता**/झापा

नेकपाका नेता तथा कार्यकर्ता गिरफ्तार पर्ने क्रम रोकिएको छैन । यसैबीच सो पार्टीको झापा जिल्लाको इलाका इन्चार्जलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा झापा शिवसतासी नगरपालिका ११ घर भएका सौगात कटुवाल रहेका छन् । उनलाई आइतबार बेलुका प्रहरीले पक्राउ गरेको हो ।

बिर्तामोड नगरपालिका ३ आँखा अस्पताल छेउबाट आइतबार बेलुका कटुवाललाई पक्राउ गरिएको समाचारमा जनाइएको छ । कटुवालसँगै रहेका नेकपाका कार्यकर्ता अर्जुनधारा नगरपालिका ११ का अर्जुनकुमार चौहानलाई पनि प्रहरीले गिरफ्तार गरेको छ ।

नेकपाका नेता त्यस क्षेत्रमा आएको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय चन्द्रगढीबाट सादा पोशाकमा खटेको प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको जनाइएको छ । गिरफ्तारीको विषयमा जिल्ला इन्चार्ज सौगातले एक विज्ञप्ति जारी गर्दै गिरफ्तार नेता कार्यकर्ता विना शर्त रिहा नगरे प्रतिरोध सङ्घर्ष गर्ने चेतावनी दिएका छन् ।




# बम विस्फोट हुँदा श्रीलङ्कामा २ सय ९० को मृत्यु

**काठमाडौँ** : श्रीलङ्कामा भएको बम विस्फोटमा परी दुई सय ९० जनाको मृत्यु भएको बताइएको छ । गिर्जाघर र होटेलहरूमा शृङ्खलाबद्ध ६ वटा बम विस्फोट भएका थिए ।

मध्य कोलम्बोस्थित साङ्ग्रिला, सिनमन ग्र्यान्ड र किङ्सबरी होटेलमा पनि छुट्टाछुट्टै विस्फोट भएको थियो । देहिवाडाको एउटा सानो होटेलमा पनि विस्फोट भएको र त्यहाँ दुई प्रहरीको मृत्यु भएको बताइएको छ । आठौँ विस्फोटन भने डेमाटागोडामा भएको थियो ।

श्रीलङ्का प्रहरीका प्रवक्ताले विस्फोटमा परी २०७ जनाको मृत्यु भएको पुष्टि भइसकेको बताएका थिए । कयौँ व्यक्ति गम्भीर घाइते भएकाले मृतकको सङ्ख्या अझै बढ्न सक्ने अनुमान अन्तर र्राष्ट्रिय सञ्चार माध्यमहरूले गरेका थिए । समाचार संस्था एएफपीका अनुसार घटनामा ३५ जना विदेशी नागरिकको मृत्यु भएको छ । बम विस्फोटमा परी पाँच सयभन्दा बढी व्यक्तिहरू घाइते भएको श्रीलङ्का प्रहरीले बताएको छ ।

विस्फोटमा नेपाली परेको अहिलेसम्म पुष्टि भएको छैन । तर विस्फोट भएको साङ्ग्रिला होटेलबाट घटना हुनु केहीअघि नेपाली निस्किएको बताइएको छ । विस्फोटपछि श्रीलङ्का सरकारले कर्फ्यु लगाएको छ भने आक्रमणकारीको खोजी भइरहेको बताइएको छ । बीबीसीका अनुसार घटनामा संलग्न भएको आशङ्कामा सातजनालाई पक्राउ गरिएको छ ।

अधिकांश विस्फोटहरू आत्मघाती आक्रमण भएका र ती सबै एउटा समूहले गराएको श्रीलङ्का सरकारले बताएको छ । सुरक्षाकर्मीहरूले केही स्थानमा छापा मारेका छन् । घटनापछि श्रीलङ्काका राष्ट्रपति मैत्रीपाल सिरिसेनाले राष्ट्रका नाममा सम्बोधन गर्दै देशवासीलाई शान्त रहन आग्रह गरेका थिए । उनले फेरि आक्रमण हुन नदिन र विस्फोट कसले गराएको हो भन्ने पत्ता लगाउन सुरक्षाकर्मीहरूलाई परिचालित गरिएको बताए ।

त्यस्तै प्रधानमन्त्री रनिल विक्रमसिङ्घेले घटनाप्रति निन्दा गर्दै सबैलाई शान्त रहन आग्रह गरेका छन् । आइतबार साँझबाट देशैभरि लागू हुने गरी लगाइएको कर्फ्यु सोमबार फिर्ता लिइएको थियो । विस्फोटको आधिकारिक जिम्मा कसैले पनि लिएको छैन । विस्फोट हुँदा इसाई धर्मावलम्बीहरू कोच्चिकाडे, बट्टिकलोआ र कटुवापिटिया जिल्लामा रहेका गिर्जाघरमा इस्टर पर्वका अवसरमा आयोजित धार्मिक कार्यक्रममा सहभागी हुँदै थिए । सयौँ मानिसहरू प्रार्थना गर्न भेला भएको बेला गिर्जाघरहरूमा विस्फोट गराइएको थियो ।

यसअघि श्रीलङ्काका एक मन्त्री हरिन फर्नान्डोले नाम नखुलाईकन एउटा समूहले १० दिनअगाडि आक्रमण गर्नसक्ने सूचना दिए पनि सम्भावित घटनाबारे राष्ट्रपति मैत्रीपाला सिरिसेनाले सरकारलाई जानकारी दिन नसकेको बताएका थिए ।

# नेकपाका नेताहरू पक्राउबारे फिनल्यान्ड कम्युनिस्ट पार्टीद्वारा प्रधानमन्त्रीलाई पत्र

**काठमाडौँ** : द कम्युनिस्ट लिग अफ फिनल्यान्डले नेपाल कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताको गिरफ्तारीको विरोध गर्नुका साथै तुरुन्त रिहाको माग गरेको छ । उक्त पार्टीका अध्यक्ष कालेवी वार्मान र परराष्ट्र मामिला सचिव जुहा केक्सीले संयुक्त हस्ताक्षर गरेको नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीका नाममा लेखेको पत्रमा भनिएको छ, 'नेकपाका नेता-कार्यकर्तालाई गिरफ्तार गर्नुको कुनै कानुनी आधार छैन । यसरी प्रतिबन्ध लगाउनु समाजवाद र मानवअधिकारको कानुनी र संवेदनशील उल्लङ्घन हो । फिनल्यान्ड कम्युनिस्ट लिग नेपाल कम्युनिस्ट पार्टीका गिरफ्तार गरिएका कार्यकर्ताको रिहाइ गर्न उनीहरूमाथि अत्याचार रोक्न माग गर्दछ ।'

यसअघि नेकपामाथि लगाइएको प्रतिबन्ध हटाउन र कार्यकर्तामाथिको धरपकड बन्द गर्न माग गर्दै कम्युनिस्ट पार्टी अस्ट्रेलियाले प्रधानमन्त्री केपी वलीलाई पत्र लेखेको थियो ।

# नेकपाका युवा नेता भुजेल अदालत परिसरबाटै पुनः गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका ब्युरो सदस्य तथा युवा नेता सूर्य भुजेललाई प्रहरीले पुनः पक्राउ गरेको छ । वैशाख ६ गते सर्वोच्च अदालतले भुजेललाई रिहा गर्न आदेश गरेको थियो । न्यायाधीशहरू अनिलकुमार सिन्हा र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले शुक्रबार बन्दीप्रत्यक्षीकरण आदेश जारी गरेको हो ।

भुजेलका तर्फबाट पितकुमारी भुजेलले बन्दीप्रत्यक्षीकरणको मुद्दा दर्ता गराएकी थिइन् । महाशाखाले उनीमाथि कर्तव्य ज्यान र सङ्गठित अपराध, विस्फोटक पदार्थ ऐनअन्तर्गत मुद्दा लगाएको थियो । तर सर्वोच्च अदालतको आदेशबाट रिहा भएका भुजेललाई अदालत परिसरबाटै प्रहरीले पुनः पक्राउ गरेको छ ।

भुजेललाई प्रहरीले नख्खु एनसेल बमकाण्डमा उनको संलग्नता रहेको भन्दै पक्राउ गरे पनि युवा नेता भुजेलले आफ्नो सहभागिता नरहेको बताएका छन् ।

# नेकपा नेताका घरपरिवारलाई प्रहरीद्वारा धम्की

■ **रातो खबर संवाददाता**/रोल्पा

**थबाङ (रोल्पा)** : नेपाल कम्युनिस्ट पार्टीका नेता जयप्रकाश रोका 'प्रताप' र अमित घर्तीको परिवारका सदस्यलाई वैशाख ४ गते राति घरमा गएर प्रहरीले धम्की दिएको पीडित परिवारले बताएका छन् ।

थबाङमा आयोजित कार्यक्रममा सहभागी हुन गएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनको सुरक्षामा खटिएका जिल्ला प्रहरी कार्यालयका डीएसपी दीपक खड्कासहितको टोलीले राति घरमा गएर 'जयप्रकाशलाई निकाल, होइन भने गोली हान्छु' भन्दै धम्क्याएको जयप्रकाशकी पत्नी शरम रोकाले बताइन् ।

'राति सुतेको बेला आएर ढोका ढकढक्याउँदै तेरो पतिले किन बम हान्ने आदेश दिन्छ ? तँलाई खोरमा हाल्छु', प्रहरीको भनाइ उद्धृत गर्दै उनले रातो खबरलाई बताइन् ।

उक्त घरमा डेरामा बस्दै आएका पुल निर्माणका लागि खटिएका प्राविधिकहरू सूर्य नेपाली र धीरज चन्दलाईसमेत को होस् भन्दै हातपात गरेको गुनासो उनीहरूले गरे ।

घटनाका बारेमा पीडित परिवारले लिखित उजुरी नदिए पनि फोनमार्फत राष्ट्रिय मानवअधिकार आयोगमा जानकारी गराएको शरमले बताएको जानकारी इन्सेक प्रतिनिधिले दिएका छन् ।

# इलाममा जनसत्ता घोषणा गर्दै नेपाल कम्युनिस्ट पार्टी

सर्गम श्रेष्ठ 'सुमन'/इलाम

दलाल फासिवादी सत्ताले प्रतिबन्ध लगाएको र त्यसको कडा प्रतिकार गर्ने उद्घोष गरेको नेकपाले गाउँगाउँमा जनसरकार घोषणा गरेको छ । इलामको फाकफोक थुम गाउँपालिकामा गाउँ जनसरकार घोषणा गरिएको छ । उक्त कार्यक्रमको अध्यक्षता गाउँपालिका सेक्रेटरी विस्फोटले गरेका थिए भने सञ्चालन होम किराँतीले गरेका थिए ।

उक्त भेलामा गाउँपालिकाका सबै वडादेखि जनताको उपस्थिति रहेको थियो । भेलाले होम किराँतीलाई सत्ता प्रमुखमा निर्वाचित गर्दै सात सदस्यीय समिति निर्माण गरेको छ । मन्तव्यका क्रममा नवनिर्वाचित सत्ता प्रमुखले गाउँपालिकामा भ्रष्ट र घुसखोरबाहेक कोही नभएकाले अब त्यस्ता दलालहरूलाई प्रतिबन्ध लगाउँदै जनसत्ताले कारबाही गर्ने बताए । उनले नेपालमा अब कुनै पनि हालतमा केपी-बादलहरूको रजाइँ नचल्ने पनि बताए । उनले भने, 'हामी इलामेली जनता एक भएका छौँ । अब कसैले पनि हामीलाई प्रतिबन्ध लगाएर केही हुँदैन, बरु जनता र देशका लागि रत्न बान्तवाजस्तै बलिदान दिन तयार छौँ ।' उनले जनतालाई कसिलो मुठी बनाएर प्रतिवाद गर्न अनुरोध पनि गरे ।

पार्टीका गाउँ सचिव विस्फोटले नायकहरू खलनायक हुँदै गएको प्रस्ट पार्दै अब पुल्ठो बलिसकेकाले यसले दलाललाई खरानी बनाउने बताए । इलाम इन्चार्जले कार्यक्रम सफलताको शुभकामना दिएका थिए । अब इलामेली जनता प्रतिबन्धको प्रतिकार गर्न सक्षम रहेको उनको भनाइ थियो । कार्यक्रम माङ्सेबुङको एक गाउँमा भएको थियो ।

पुस्तक समीक्षा

# सत्ताको तानाशाही कदमविरुद्ध स्रष्टाहरूको ऐक्यबद्धता



अशोक सुवेदी

गतसाता कोठाबाट सहरतिर आउँदै गरेका स्थापित मार्क्सवादी युवा स्रष्टा रसुवाली कविले अलि अस्वाभाविक आवाजमा फोन गरे, 'सर म गिरफ्तारीमा परेँ । सशस्त्र प्रहरीले मलाई बाटोमा हिँड्दाहिँड्दै बिनापुर्जी गिरफ्तार गऱ्यो...।' यति भन्नासाथ उनको फोन काटियो ।

हतारहतार मैले इरातो खबरको समाचारशाखामा बस्नुभएका पत्रकार साथीहरूलाई फोन गरेर समाचार टिपाएँ । मेरो फेसबुकबाट पनि उक्त समाचार पोस्ट गरेँ ।

एकैछिनमा एउटा कविको गिरफ्तारीका विरुद्ध सामाजिक सञ्जालका भित्ताहरू भरिए । रसुवाली कवि मालेमाप्रति प्रतिबद्ध, सशक्त र धारिला कवि एवम् विश्लेषक हुन् भन्ने कुरा नेपाली सिर्जना क्षेत्रका कमैलाई मात्र जानकारी नहोला । तेजिला वैचारिक कविताबाट, समीक्षा/संस्मरणहरूबाट होस् वा रातो हिमाल, रातो न्युजलगायत पत्रपत्रिकाबाट खरो समाचार र लेख प्रसारण गरेर होस्, उनले कलिलै उमेरमा सत्यको बाटो रोजिसकेका छन् र त्यसको पक्षपोषण पनि गरिरहेका छन् । गिरफ्तार भएर हिरासतमा जानुभन्दा अघिल्लो दिन उनले मेरो म्यासेन्जरमा एउटा कविता राख्दै टिप्पणी र सुझाव मागेका थिए । पुष्पलाल-गङ्गालाल जन्मस्थल रामेछाप भँगेरी हुँदै सिर्जनानगरसम्मको तीनदिने वैचारिक-सांस्कृतिक यात्रामा खरो उत्रिएका कविले सहिद आजाद जन्मस्थल खुर्कोट आएर कमरेड आजादको क्रान्तिकारी जीवनी सुनेपछि लेखेको त्यो कविताको अन्तिम अनुच्छेद यस्तो थियो-

म खुर्कोट यसै उक्लेको होइन
मलाई खोज्नुछ लुटिएका मूल्यहरू
रगत र बलिदान बिक्री गरेर
म बन्न सकिनँ होग्जा
म बन्न सकिनँ बाराक ओबामा
मलाई त आजाद बन्नुछ...।

एतातिर सरकारले पत्रकार जितेन्द्र महर्जनलाई गिरफ्तार गरी हिरासतमा राख्यो र राज्यविप्लवको मुद्दा लगायो । सर्वोच्च अदालतले निदोष ठहर गर्दै रिहाइको आदेश दिँदा पनि अदालत परिसरबाटै अपहरणशैलीमा पुनः गिरफ्तार गरी बेपत्ता बनायो । सरकारले यसरी देशैभरिबाट क्रान्तिकारी चेतनामाथि प्रतिबन्ध लगाउँदै गिरफ्तारी, धरपकड र झूट्टा मुद्दा लगाइरहेको छ । उदेक र आश्चर्यलाग्दो कुरा त देशभक्त, क्रान्तिकारी र आमूल परिवर्तनका पक्षधरहरूलाई राज्यविप्लवको मुद्दा लगाइरहेको छ, मानौँ यो राज्यको ठेक्का उनीहरूले नै लिएका छन् र अरु सबै यसका विराधी ।

पत्रकार जितन्को गिरफ्तारी र अपहरण तथा रसुवाली कविको गिरफ्तारीका विरुद्ध नेपालको पत्रकारिता र साहित्यिक क्षेत्र एकपटक फेरि जुरुक्क उठेको छ । पत्रकार एवम् स्रष्टाको गिरफ्तारीविरुद्ध यसअघि कवि एवम् पत्रकार कृष्ण सेन 'इच्छुक' को घटनामा यसैगरी जुर्मुराएको थियो सांस्कृतिक र पत्रकारिता क्षेत्र । न्यायका पक्षपाती स्रष्टालाई झूट्टा मुद्दा लगाउँदै गिरफ्तार गर्नु र कसैलाई भेट्न नदिई हिरासतमा कोचिरहनु अत्याचारी शासकहरूको हदैसम्मको निन्दनीय कर्म हो । सरकारले कवि, पत्रकारलगायत क्रान्तिका पक्षमा रहेका, झूट्टा मुद्दा लगाएर थुनिएका न्यायका पक्षपातीहरू सबैलाई तत्काल रिहा गर्नुपर्छ र नेपाली जनतासामु माफी माग्नुपर्छ । यो छोटो टिप्पणीमा जनताका पक्षमा लेख्ने पत्रकार, स्रष्टा कसरी सत्ताका आँखामा राष्ट्रद्रोही हुन्छ भन्ने कुरा खोतल्ने प्रयास गरिएको छ।

कविको गिरफ्तारीको समाचार सुन्नासाथ गत सोमबार नै राजनीतिक विश्लेषक नरेन्द्रजंग पिटरले लेखे- विचारको आतङ्क र कविताको शक्ति । प्रगतिशील युवा कवि 'रसुवाली कवि' लाई रिहा गर ! उनले त्यसको लगत्तै फेरि लेखे- पत्रकार महर्जनको अदालती रिहाइ र पुनः गिरफ्तारी : सरकार स्वयम् आफ्नै सर्वोच्च अदालतको आदेश पालना गर्दैन भने हे सत्ता, तिम्रा आदेश मैले किन पालना गर्नुपर्ने हँ ? हो, तिमी जे पनि, जसलाई पनि गर्न सक्छौ । यही कारण मलाई पनि गर्न त सक्छौ तर म तिम्रो हुकुम भने पालन गर्दिनँ...महाराज ।

पिटरको सन्देशमा टिप्पणी गर्दै हेमन्त कर्माचार्यले भने- 'गीत, कविताबाट पनि तर्सिने दिन आएछ । हरे, पञ्चायती पुनरावृत्ति !' त्यस्तै वामपन्थी नेता लोककृष्ण भट्टराई, कवि बलभद्र भारतीलगायत सयौँ स्रष्टाहरूले कवि र पत्रकारको गिरफ्तारीको विरोध गरे । कयौँले गिरफ्तारीका विरुद्ध र रिहाइका लागि हस्ताक्षर सङ्कलन नै गरे । समीक्षक डा. जगदीशचन्द्र भण्डारीले लेखे- फासिवादी वली सरकार रसुवाली कविलाई तुरुन्त रिहा गर । पत्रकार केशव नेपालले लेखे, 'लेखकलाई सम्मान गर, हिरासत होइन । चेतना भया !'

कवि एवम् पत्रकार रसुवाली कविको गिरफ्तारीविरुद्ध देशविदेशबाट सरकारमाथि दबाब आइरहेकै समयमा केही स्थापित स्रष्टाहरूले ५० जना साहित्यकारको हस्ताक्षरसहित तत्काल रिहाइको माग राख्दै सरकारलाई ज्ञापनपत्र बुझाए । रसुवाली कविलाई रिहा गर्न माग गर्दै स्रष्टाहरूले जिल्ला प्रशासन कार्यालय काठमाडौँमा गत मङ्गलबार ज्ञापनपत्र बुझाएका हुन् । सोमबार गिरफ्तार गरिएका कविलाई महानगरीय प्रहरी वृत्त बालाजुमा राखिएको छ । उनको रिहाइ माग गर्दै आख्यानकार एवम् स्थापित लेखक/पत्रकार नारायण ढकाल, राजन मुकारुङ, कवि सुमनराज श्रेष्ठ, ज्वालामुखी लामिछाने, गौतम राई, प्रेमिला राईलगायतले बुझाएको ज्ञापनपत्रमा राजनीतिक गतिविधिमा संलग्न रहेको कारण गिरफ्तार गरिनु अभिव्यक्ति स्वतन्त्रताविपरीत रहेको उल्लेख छ ।

ज्ञापनपत्रमा भनिएको छ, 'ठूलो सङ्घर्ष र बलिदानीपश्चात् प्राप्त गणतन्त्र, नागरिक स्वतन्त्रता, लोकतान्त्रिक व्यवस्थामा राज्यको यस्तो कदम सहमतियोग्य नरहेको जानकारी गराउँछौँ । संविधानप्रदत्त नागरिकको मौलिक हक सुरक्षित, सुनिश्चित गरिनु राज्यको दायित्व हुन आउने कुराप्रति सजग गराउँदै उनको तत्काल रिहाइका लागि माग गर्दछौँ ।'

केही गुप्तचारले भने कविको गिरफ्तारीप्रति सरकारलाई नै सहयोग पुग्ने गरी टिप्पणी लेखेका छन् । तिनका बारेम भविष्यले नै छिनोफानो गर्ने स्रष्टाहरूले बताएका छन् ।

यस्तै कवि बीपी विद्रोहीले मङ्गलबार जारी गरेको अपिलमा लेखिएको छ-

लेखक एवम् साहित्यकार ठाकुरप्रसाद तिमिल्सिना (रसुवाली कवि) लाई प्रहरीले बिनाकारण गिरफ्तार गरेर हिरासतमा राखेको घटनाप्रति देशविदेश सबैतिर रहनुहुने लेखक, साहित्यकार, पत्रकार एवम् सम्पूर्ण कलमजीवीले रिहाइका लागि दबाब सिर्जना गरिदिनुहुन हार्दिक अनुरोध छ ।

नेपाली काङ्ग्रेस निकट नेपाली लेखक सङ्घले विज्ञप्ति जारी गर्दै भनेको छ- युवा लेखक रसुवाली कवि (ठाकुरप्रसाद तिमिल्सिना) लाई सरकारले गरेको गिरफ्तारीको हामी घोर भर्सना गर्दछौँ । कवि, लेखक, पत्रकारहरूमाथि अङ्कुश लगाउन खोज्दै यो सरकार अभिव्यक्ति स्वतन्त्रताको हनन गर्दैछ । सरकारको यो रबैयाको हामी निन्दा गर्दछौँ र रसुवाली कविको ससम्मान रिहाइका लागि जोडदार माग गर्दछौँ ।

कवि प्रोल्लास सिन्धुलीयले लेखेका छन्- ँके कारणले समातेको ? कविता लेखेकै कारण हो कि अन्य ?'

धेरैजनाले समर्थन गर्दै गर्दा पनि यसरी द्विविधा व्यक्त गरेको देखियो । कुरा 'ठाकुरप्रसाद तिमिल्सिना' को होइन, 'रसुवाली कवि' को हो । अर्थात् पछिल्लो पुस्ताको क्षमतावान् र सम्भावनायुक्त एक कविको हो । यसरी कवि, लेखक, पत्रकारलाई राजनीतिक नै सही, झिनोमसिनो आरोपमा राज्यले तर्साउने कार्य गर्न थाल्ने हो भने नबोलिनहुने कुरामा बोल्छ चैँ को ? बोल्नुपर्नेले नै सत्य, तथ्य बोल्न डरत्रास महसुस गर्नुपर्ने अवस्था नआओस् भनेर नै रसुवालीसँग जात, धर्म, आस्था, भूगोल, हाइट, साइज, स्तर, औकात, क्यै पनि फिटिक्कै नमिल्नेले पनि उनको रिहाइका लागि खुलेर बोलेका हुन् ।

यसैगरी कृष्णकृसुले लेखेका छन्- म रसुवाली कविको पक्षमा मात्र होइन, प्रतिपक्षी नेकपामाथि लगाइएको समग्र प्रतिबन्धकै विपक्षमा छु । राज्यले गरिराखेका समग्र धरपकड तत्काल रोकेर प्रतिपक्षी नेकपासँग राजनीतिक वार्तामार्फत समाधान खोज्न जरुरी छ ।

रसुवाली कवि कवि मात्र नभएर प्रतिपक्षी विचार राख्ने एक सचेत राजनीतिक कार्यकर्ता हो । एक राजनीतिक कार्यकर्ताले आफ्नो विचार निर्बाध ढङ्गले राख्न पाउनुपर्छ । मुख्य कुरा सरकारले लिएको राजनीतिक बाटो हो, सरकारको चरित्रको हो । राज्यले लिने राजनीतिक बाटो र चरित्र यस्तै रहने हो भने जस्तोसुकै प्रतिबन्ध र दमन गर्दा पनि प्रतिपक्षी नेकपा जन्मिरहन्छ र देशमा अस्थिरता रहिरहन्छ ।

कवि यज्ञबहादुर डाँगीले लेखेका छन्- तानाशाह (फासिवाद) पतनको अन्तिम रूप हो रसुवाली कविलाई गिरफ्तार गर्नु । नेकपा र सरकार त्यही पतन हुनु हो । यसैगरी बीपीले लेखेका छन्- कलमसँग किन यति धेरै आतङ्कित छ राज्य ?? कलममाथिको दमन बन्द गर । बिनासर्त ससम्मान रिहाइको जोडदार माग गर्दछु । नारायण मरासिनीले लेखेका छन्- यी दुईको कलम किन भाँच्न खोजेको सरकार ? बिनासर्त रिहाइ गर ।

रसुवाली कविले गिरफ्तार हुनुअघि सामाजिक सञ्जाल फेसबुकमा के लेखेका थिए त ? उनले गिरफ्तार भएकै दिन अप्रिल १५ मा लेखेका थिए- नारायण ढकालको कथासङ्ग्रह इन्द्रजाल पढेँ । सामाजिक यथार्थवादी साहित्यको अन्त्य घोषणा भैरहँदा नारायणका कथाले सिर्जनात्मक हस्तक्षेप गरिरहेका छन् नेपाली साहित्यमा । कलाका हिसाबले नारायण ढकालका कथाहरू समकालीन समयको मूल धारमा छन् । दृष्टिकोणका हिसाबले उनका कथा कमजोर छन् । म तीन कथाबारे केही बोल्छु : डोल्मा : रसुवा जिल्लाको लाङटाङ आसपासलाई सेट बनाएर लेखिएको कथा हो डोल्मा । हिमाली भेगको जनजीवनलाई यो कथामा रोचक चित्रण गरिएको छ । होटेल गर्ने डोल्मा कुस्त पैसा कमाइरहेकी हुन्छे । अलि पारि गाउँमा सिटामोल नपाएर मर्नेहरूको बस्ती छ । कथाले लाङटाङ आसपासको समाजलाई मात्र होइन, ट्रेकिङ गर्ने नेपालीको दुःखलाई समेत अँगालो हालेको छ तर कथाको मूल विषय हो- डोल्माको दबेको यौन । श्रीमान्ले अर्कै श्रीमती ल्याएर स्याफ्रुबेसीतिर बस्न थालेपछि आफ्नै कामदारसँग लसपस गर्छिन् डोल्मा । यो हर्कत होटेलमा बास बस्न आएका पाहुनाले समेत देख्छन् । कथाको मूल बिषय डोल्माको यही हर्कतसँग केन्द्रित छ । मलाई लाग्छ लाङटाङ दुःख यो मात्र होइन । बरु अभावचाहिँ हो । यहाँको मुख्य कथा हो । मुक्तिदाता : यो मधेस आन्दोलनसँग डराउने पहाडियाको कथा हो । लहडमा थानकोटबाट बस चढेर तराई पुगेको पात्रको मनोवैज्ञानिक त्रास कथाले बोलेको छ । आफूलाई सहयोग गर्ने, रिक्सामा सहर घुमाउने, रक्सी खाने सञ्जीवकुमार मण्डलसँग कथाको पात्र त्रसित छ, आतङ्कित छ । यसको एउटै कारण हो कवि शास्त्रीको फोन र उसले देखाएको डर । यही कारण मुख्य पात्रसँग अर्को पात्र डराइरहन्छ । उसलाई मरिन्छ कि भन्ने डर छ । सञ्जीवकुमार घर पुगेपछि त ऊ झन् डराउँछ । राति नै होटेल फर्किन्छ । अनि भोलिपल्ट काठमाडौँ । यो मधेस आन्दोलनलाई हेर्ने साँघुरो कोण हो । इन्द्रजाल : नारायण ढकाल माओवादी आन्दोलन मन नपराउने र जनयुद्धविरुद्ध कलात्मक झटारो हान्ने आख्यानकार हुन् । इन्द्रजाल माले-एमालेको सङ्कट र सङ्कटकालपछि माओवादी आन्दोलनको दुःख अभिव्यक्त गरिएको कथा हो । इन्द्रजाल रूपमा उनले विकृत वाम राजनीतिलाई प्रस्तुत गरेका छन् । कथाको सेट काँठ क्षेत्र हो । यसमा पूर्वगाविस अध्यक्ष, एकजना क्रान्तिकारी पिउन र उसको छोरा मुख्य पात्र छन् । इन्द्रजालको भयानक बिम्बमार्फत समकालीन यथार्थलाई चित्रण गर्न कथा सफल छ । प्रचण्ड-वली र बाबुरामको पतनको आँखाबाट यो कथा बडो सान्दर्भिक लाग्छ । मलाई एकदम मन परेको कथा हो यो ।

उनले अप्रिल १४ मा लेखेका छन्- आदित्य दाहालको उपचार गरौँ । भौतिकवादी दुनियाँमा विज्ञानभन्दा माथि ढोङ छैन । तपाईंहरूलाई यस्तो लाग्छ भने उनले निर्मलाको बलात्कारी को रे छन् ? भनिदिऊन् त । कसैले लेखेको अक्षरमा उनको हातबाट रङ थप्न लगाएर उनीमाथि राजनीति नगरूँ । ढोङ गर्ने पत्रकार र नेता दुवैप्रति शङ्का गरौँ ।

अप्रिल ११ मा उनले पोस्ट गरेको सन्देशमा भनिएको छ- महासचिव कमरेडले सित्तैँमा पाउँदा अलकत्रा खानुभएको हो। जिब्रोमै टाँसिएछ। बाँस्कोटा कमरेडले उप्काउन खोज्नुभएको, सक्नुभएन। त्यसैगरी सोही दिन उनले लेखेका छन्- एउटा मिडियाले सुनिल पोखरेललाई आइकन बनायो । अर्को मिडियाले यौनदुराचारी । मिसन पत्रकारितामा खेल अनेक । उसै दिन उनले पोस्ट गरेको अर्को सन्देश छ- हुन सक्छ पूर्वराजाको गाडीले नियतबस मान्छे नमारेको हुन सक्छ । यो उनको गम्भीर गल्ती हो । भीभीआईपीका नाउँमा हुने सडक दुर्घटना सामान्य होइन ।

यसैगरी उनले अर्को सन्देशमा लेखेका छन्- पुष्पकमल दाहाल र खड्गप्रसादको पुच्छर समातेर वैतरणी नदी तर्न लामबद्ध डबल नेकपाका युवा नेताहरूको आलोचनात्मक चेत त ठीक छ तर यस्तो अपमानित पार्टीमा बसेर फिक्सन पन्छीको निबन्ध लेखेर कहाँ पुगिन्छ कमरेड ? सोच्नुस् । तपाईंहरूको दुईतिहाइ अन्तिम सत्य होइन ।

अप्रिल १० मा उनले पोस्ट गरेका छन्- एउटा बालक छन् नेपालमा । बरा आमाले गर्भनिरोधक चक्की खाइदिँदा उनी निकै अशक्त हुन पुगे । हलचल गर्न पनि समस्या छ । यस्ता धेरै बालबच्चा छन् जसले गर्भमै शोषणमा पर्नुपरेको छ । तीमध्ये यी बालक पनि एक हुन् । अहिले उनलाई उपचार गर्नु साटो यो युगकै शक्तिशाली भगवान् भनेर पुज्न सुरु गरिएको छ । एउटा मिडियाले अन्तिम सत्य भनेरसमेत प्रचार गरिरहेको छ । एकजना प्रधानमन्त्रीले उनलाई देउताको नयाँ रूप भनेर एक करोड पैसासमेत दिए । बालकको आजसम्म उपचार भएको सुनेको छैन । उनी झन् गलित हुँदैछन् । यथाशीघ्र बालकको उपचार गर । धार्मिक भ्रम नफैलाऊ । अपाङ्गको अधिकार सुरक्षित गर । बालबालिकालाई स्वतन्त्रताका साथ बाँच्न देऊ ।

सोही दिन उनले प्रवाह गरेको अर्को सन्देशमा भनिएको छ- म पुष्पलाल विचारप्रति गहिरो आस्था भएको मान्छे हुँ । यी नेपाली मौलिकताका मार्क्सवादीलाई गद्दार भनेर क्रान्तिकारी हुन नसक्ने जीव हुँ । हामी उनको जन्मथलो रामेछापको भँगेरी गाउँ निरन्तर पुगिरहेका छौँ । उनका विषयमा निरन्तर बोलिरहेका छौँ । पुष्पलाल जन्मेको ठाउँलाई अन्तर्राष्ट्रिय रूपमा कम्युनिस्टहरूको अध्ययन केन्द्र बनाउनुपर्छ भन्ने लाग्छ । जस्तो पुस्तकालय, पार्क, सङ्ग्रहालयजस्ता कुराको विकास गर्न सकिन्छ । राज्यकोषका तर्फबाट यहाँ करोडौँ रुपैयाँ लगानी हुँदैछ । यो दुरूपयोग हुनु हुँदैन । अनैतिकहरूले उनको नाम पनि उच्चारण नगरून् ।

उनको अर्को सन्देशमा भनिएको छ- निजी सम्पत्तिको अन्त्य गर्ने कम्युनिस्ट पार्टीको महासचिव यस्तो पावर फुल हुन् कि बालुवाटारको सरकारी जग्गासमेत आफ्नै नाममा पास गर्न सकोस् । यही त हो समृद्ध नेपाल, सुखी नेपाली ।

उनका अरू सन्देश यस्ता छन्- पिटर भन्नुहुन्छ- जसले जनइतिहासलाई बन्दुक हान्छ त्यसको भविष्य तोपले उडाउनेछ । उनले पोस्ट गरेको अप्रिल ९ को 'कम्युनिस्टहरूको मक्कामदिना पुग्दा' शीर्षकको सन्देशसहित केही सन्देश राखेर यो टिप्पणी अन्त्य गर्ने अनुमति चाहन्छु- रामेछाप अनेकौँ लोकबिम्बले परिचित छ । रुखा डाँडा, पाखा, भीर भएको र पानीको दुःखले गर्दा रामेछापमा छोरी नदिनू भन्ने उखान नै चलेको पाइन्छ । जब रामेछाप पुग्छु, मन्थलीको रातो माटोमा जीवनको रथ तानिरहेका दुःखीजनको दुःख र दर्द देखेर मन चसक्क हुन्छ । अनि राष्ट्रिय पञ्चायतका धमिलो अनुहार नवराज सुवेदी र सामन्ती साहित्यकार जगदीश घिमिरेको रबाफआतङ्क र बेइमानी पाटाहरू देख्दा अर्को उदेक पनि लाग्छ । मन्त्री क्वार्टरबाट छाता मात्र लिएर घर फर्केका रामेछापका पूर्वराज्यमन्त्री रामहरि ढुङ्गेलसँग डिल्लीबजारमा बसेर पिएको चिया बरोबर सम्झन्छु । समाजका अनेकौँ अन्तरविरोध, कलह र द्वन्द्वका पाटा रामेछापमा पनि देखिन्छ ।

रामेछापको खास पहिचानचाहिँ लालभूमि नै हो । राणा शासकविरुद्ध मकैको खेतीनामक पुस्तक लेखेका कारण सुब्बा कृष्णलाल अधिकारीलाई तत्कालीन सत्ताले कायरतापूर्वक हत्या गरेको थियो । उनी यही रामेछापका सपूत हुन् । यस्तै नेपाली माटोलाई स्वाधीन बनाउन तानाशाही राणा शासन अन्त्य गर्नका लागि हाँसीहाँसी बलिमा झुन्डने नेपालीजनका महान् सहिद राष्ट्रिय विभूति गङ्गालाल पनि यही माटोमा जन्मी, खेली, घुमी हुर्के । अर्का आदर्श व्यक्ति बेजोड दार्शनिक, यो युगका महान् नेता तथा नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल पनि रामेछापको भँगेरी गाउँको एउटा सानो झुपडीमा जन्मे । जनयुद्धको निकै ठूलो फासिबादी हत्याकाण्डको रूपमा चर्चित दोरम्बा हत्याकाण्ड यहीँ भयो । यो राष्ट्रका लागि बलिदान गर्ने एउटा महान् जिल्ला पनि हो । यही कारण रामेछाप भन्नु नै लालभूमि भएको छ ।

एक दशकदेखि वरिष्ठ लेखक, सौन्दर्यचिन्तक तथा सामाजिक अभियन्ता कमरेड अशोक सुवेदीले प्रत्येक वर्ष एउटा साहित्यिक-राजनीतिक महत्वको यात्रा गराउँदै आउनुभएको छ । यही सिलसिलामा हामी भँगेरी पुग्छौँ । गङ्गालाल र पुष्पलालको सालिकमा उभिएर क्रान्तिकारी भावना साट्छौँ । कविता भन्छौँ । गीत गाउँछौँ । तस्बिर खिच्छौँ । सालिकमा फूल चढाउँछौँ । हामी

बाँकी पृष्ठ ७ मा

कविता

## कुरूप डोगडीले दायर गरेको मुद्दा


हेमन्तप्रकाश ओली
'सुदर्शन'



उपियाँ र उडुसले चुसेर लखतरान भएका
जिन्दगीहरूमा
हेमोग्लोबिन र ग्लुकोज चढाउँदै
निद्राको चक्की ख्वाएर बेहोस बनाएका
मानिसहरूलाई
सपनाबाट विपनामा ल्याउँदै
युगको धाराप्रवाहप्रति जागरुक बनाउन
अघि बढिरहेको एउटा चेतनावाहक दस्तालाई
कुरूप डोगडीले बन्दुक तेर्स्यायो र सिङ्गो यात्रा
रोकेको ठान्यो ।
उनीहरूलाई कुरूप मार्तडीमा पेस गऱ्यो
र सुन्दर डोगडीका आँखामा पर्दा हालेर
कुरूप मार्तडीको आदेशमा
विस्फोटक पदार्थसहितको साजिस तयार पाऱ्यो
चेतनावाहकहरूको शरीरमा श्वेत बुट मार्च गरायो
अनि झूट्टा मुद्दा आफ्नो अदालतमा दायर गऱ्यो ।
मुद्दा त दायर गरिस् ए कुरूप डोगडी
तर इतिहासको फर्ज पूरा गर्न पाइन्न भनेर गरिस्
चेतनावाहकहरूको छातीमै क्विकमार्च गराएझैँ
इतिहास पनि तेरो छातीमै क्विकमार्च गर्दै अघि
बढ्नेछ ।
विस्फोटक पदार्थ राखेर
झूट्टा मुद्दा त चलाइस् ए कुरूप डोगडी ।
तर त्यो विस्फोटक तेरै टाउकोमाथि पड्कने कुरा
थाहा पाइनस्
मुद्दा त चलाइस् ए हराम डोगडी !
तर परिभ्रमित गरिरहेको पृथ्वीमाथि पनि चलाइस्
तेरो झूट्टा मुद्दाले पृथ्वी एक सेकेन्ड पनि रोकिँदैन
मुद्दा त चलाइस् ए नरपिचास डोगडी
तर बूढीगङ्गा बग्न पाइन्न भनेर चलाइस्
जतिसुकै बाँध बाँधे पनि
बूढीगङ्गा कर्णालीमा मिसिएर सागरमा
पुगिछाड्नेछ ।
ए कुरूप डोगडी
तँ र उनीहरू त वादी-प्रतिवादी भइहाल्यौ
एक दिन सुन्दर डोगडीले
पर्दा च्यातेर गवाही दिनेछ
र अपराधी को हो ?
इतिहासले फैसला सुनाउनेछ ।
२०५५

## नीरोज्यू सुकला भयो

डा. रामप्रसाद
ज्ञवाली



'क्रान्तिकारीहरूलाई छेक्नू, थुन्नू, दबाउनू !
बिल्ला आतङ्कको टाँस्नू, सकेको यातना दिनू !
नकरा जनता नाथे ! तँ बोलेको बढी भयो !'
प्रतिबन्ध लगाएर नीरोज्यू सुकला भयो !

'मेरो विरुद्धमा लाग्ने समात्, कोच् जेलमा सबै !
कवि होस् वा कलाकार मुद्दा हाल् ती नछोड् कुनै !'
भनेर प्रहरीलाई सत्ताधारी खुसी भयो !
कविलाई थुनाएर नीरोज्यू सुकला भयो !

'तँ जाबो गर्न के सक्छस् लेखेर कविता बता !
लेखिस् यो कविता तैँले ! जनताका भनिस् व्यथा !
नचिच्च्या कवि ए खाते ! तेरो फुर्ती बढी भयो !'
सिङ्गै बँदेल खाएर नीरोज्यू सुकला भयो !

'मै हुँ राज्य तथा न्याय ! न्यायाधीश सबै म हुँ !
धर्मशास्त्र, प्रजातन्त्र, संविधान सबै म हुँ !
चुप्प लाग् जनता पाखे ! आज्ञा सम्राटको छ यो !'
तानाशाही चलाएर नीरोज्यू सुकला भयो !

अहङ्कार र उन्माद नीरोज्यूका निकै चले !
अत्याचार झुटा मुद्दा भ्रष्टाचार निकै बढे !
नीरोको सुकलायात्रा प्रजालाई असह्य भो !
सुताएछन् सदानिम्ति- नीरोज्यू सुकला भयो !

## उत्पीडित वर्ग ...

हेराइ आदिले क्रान्ति नजिकै रहेको छ । तीन जादुगरी हतियारको तयारी नै हाम्रो युद्धस्तरीय कार्य हुनुपर्दछ ।

आज वैज्ञानिक समाजवादले गाँस, बास र कपासको समस्या मात्र पूरा गरेर पुग्दैन । यसले शिक्षा, स्वास्थ्य, रोजगार र सञ्चारको समस्या पनि समाधान गर्नैपर्दछ । प्रत्येकले वैज्ञानिक समाजवादी राज्यव्यवस्थालाई आफ्नो योग्यताअनुसार दिने र प्रत्येकले उसको आवश्यकतानुसार लिने स्थिति वैज्ञानिक समाजवादमै प्राप्त गर्ने स्थिति कम्युनिस्टहरूले बताउनुपर्छ । यस्तो व्यवस्था गृहयुद्ध नलडीकन प्राप्त गर्न सकिँदैन । मार्क्स-एङ्गेल्सले जर्मनीमा क्रान्ति र प्रतिक्रान्तिको विश्लेषण गर्दै संश्लेषण गरेको सिद्धान्तलाई हामीले मार्गदर्शक बनाउनुपर्छ :

'युद्ध र अरू कलाजस्तै विद्रोह पनि एउटा कला हो ।यसमा अघि बढ्ने खास नियमहरू हुन्छन् । जुन पार्टीले यी नियमहरू उल्लङ्घन गर्नेछन्, ती पतन भएर जानेछन् । पार्टीको प्रकृति र परिस्थितिबाट आएका तार्किक चिन्तन नै ती नियमहरू हुन् । यस्तो मामला जोकसैले सामना गर्नुपर्दछ जुन कति सादा र सरल छन् भने १८४८ को छोटो अनुभवले जर्मनेलीहरूलाई तिनीहरूसँग राम्ररी घुलमिल बनाएको थियो । प्रथमतः आफ्नो खेलको परिणामसँग सामना गर्ने पूर्ण तयारीबिना विद्रोहसँग कहिल्यै खेलबाड गर्नु हुँदैन । विद्रोह अति नै अनिश्चित महत्वको हिसाबकिताब हो जसको मूल्य दैनिक परिवर्तन हुन्छ । तपाईंको विरोधी शक्तिलाई सङ्गठन, अनुशासन, परम्परागत प्राधिकारलगायतसम्पूर्ण सुविधाहरू रहेका छन्; उनीहरूविरुद्ध शक्तिशाली तयारी नगरीकन लडेमा तपाईंको पराजय र विनास हुनेछ । द्वितीयतः विद्रोही शक्तिले एकपटक अघि बढिसकेपछि दृढ निश्चयकासाथ हमला गर्नुपर्दछ । प्रतिरक्षा हरेक सशस्त्र विद्रोहको मृत्यु हो जसले गर्दा आफ्नो दुस्मनलाई छरिएको बेला अचानक हमला गर्नुपर्दछ, सानै भए पनि दैनिक नयाँ सफलताको तयारी गर्नुपर्छ । पहिलो विद्रोहबाट प्राप्त नैतिक बल कायम राख्नुपर्छ । आफ्नो नजिकै ती ढुलमूल तत्वहरूलाई भेला गर्नुहोस् जो सधैं सबभन्दा बलियो शक्तिको पछि लाग्न बाध्य हुन्छन् र जो सधैं आफ्नो रक्षाको खोजीमा हुन्छन् । तपाईंका विरुद्ध आफ्नो शक्ति सञ्चय गर्नुभन्दा पहिले नै दमनलाई पछिल्तिर धकेल्नुहोस्; अहिलेसम्म ज्ञात क्रान्तिकारी नीतिका महानतम् गुरु दाँतेका शब्दमा : साहस ! साहस ! फेरि पनि साहस !'

– मार्क्स-एङ्गेल्स, विद्रोह, १८५२, ग्रन्थ ११, अङ्ग्रेजी संस्करण, पृष्ठ ८३ ।

३.४) हामी शक्तिशाली मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम वैज्ञानिक नियमद्वारा निर्देशित भएकाले क्रान्ति सानो देशमा हुँदैछ वा ठूलो देशमा भन्ने कुरा विजयको प्रमुख कारक होइन । हामीलाई थाहा छ, वैज्ञानिक समाजवादी क्रान्ति विशाल भूगोल र जनसङ्ख्या भएका देशहरू रुस र चीनमा पनि भयो अनि साना देशहरू भियतनाम, कोरिया र कम्बोडियामा पनि भयो । तीन करोड नेपालीले गर्ने मालेमावादबाट निर्देशित क्रान्ति संसारका अर्बौं श्रमजीवी र उत्पीडित जनताको पनि आफ्नै लडाइँ हो । वरिपरि चीन र भारतजस्ता विशाल जनसङ्ख्या र विशाल भूगोलमा रहेकादुईअर्बभन्दा बढी जनताहरूको त्यहाँ हुने क्रान्ति र सहयोग पनि आजको दुनियाँमा विजयकालागि महत्वपूर्ण तत्व हो । मुख्यतः हाम्रै देशका जनताको बल नै विजयको प्रमुख तत्व हो । त्यसकारण द्वन्द्ववादले विषयलाई कहिल्यै पनि एकपक्षीय रूपमा हेर्दैन । हामीले सानो र पिछडिएको देशमा क्रान्ति गर्दा संसारका ठूला र विकसित देशका शासकहरूलाई मात्र होइन, त्यहाँका उत्पीडित जनताहरूलाई पनि हेर्नुपर्दछ । कुनै एउटा देशका कम्युनिस्टहरू जनताका लागि लड्ने भनेको विश्वका उत्पीडित र श्रमजीवी जनताका लागि लड्नु हो । एउटा देशमा हुने क्रान्तिले विश्व जनसमुदायको मुक्तिको ढोका खोलिदिनेछ । कुनै पनि देशमा हुने क्रान्ति ढिलो वा चाँडो विजयी हुन्छ ।

४) **निष्कर्ष**

अतः मार्क्सले भनेझैं पुरानो समाजबाट नयाँ समाज जन्माउन सुँडेनी तयार पार्नु आजको प्रमुख कार्यभार हो । आजको सुँडेनी भनेको सिपालु चिकित्सक नै हो जसले बच्चालाई सुरक्षित जन्माउनुपर्छ । हामी उत्पीडित वर्गका मानिसहरूले हतियार चलाउन र प्राप्त गर्न सिक्दैनौं भने लेनिनले भनेझैं दासको व्यवहार गरिन लायक हुन्छौं । हामी दासबाट उठेर आजको स्पार्टाकस बन्नुपर्छ । इतिहासको कर्तब्यबोधका साथ बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउन हामी तयार हुनुपर्छ । माओले हामीलाई यही कुरा सिकाउनुभएको छ । हाम्रो पार्टीको निर्देशनअनुसार बन्दुकमा कम्प्युटर जोड्न आवश्यक छ । विज्ञानको विरोध गरेर होइन, बरु त्यसको विकास गरेर नै इतिहासमा आएका समस्याहरू समाधान गर्न सकिन्छ । हामीले पृथ्वीको झन्डै आधाभन्दा बढी जनसङ्ख्या र भूगोलमा रगतपसिनाको बलिदान गरेर वैज्ञानिक समाजवाद स्थापना गरेका थियौं । त्यहाँ हामीले पराजय र प्रतिक्रान्ति बेहोर्नुपर्‍यो । दर्जनौं देशमा क्रान्ति विजयको सन्निकट पुगेको थियो । त्यहाँ हामीले पराजय बेहोर्‍यौं । यी सबै घटनाको प्रमुख कारण आन्तरिक थियो, बाह्य होइन । नेपालमा सैन्य हिसाबले दुस्मनको काँडेतार तोड्न नसकिएको बहानाबाजी प्रचण्ड-बाबुरामले गरे र उनीहरूएकसय असी डिग्री फन्को मारेर दलाल पुँजीवादी संसदीय व्यवस्थामा पतन भए । नतोडिएको भौतिक रूपमा दुस्मनको काँडेतार थिएन, बरु मानसिक काँडेतार थियो, विज्ञानको विकासमा काँडेतार थियो । एकीकृत सैन्य रणनीति र वैज्ञानिक समाजवादको राजनीतिक कार्यक्रमले त्यो काँडेतार भत्काएको छ । एक्काईसौं शताब्दीको दोस्रो दशकका किसान, मजदुर, सिपाही, सुकुमबासी, मध्यम वर्ग, राष्ट्रिय पुँजीपति र देशभक्तहरू, आउनुहोस् ! वैज्ञानिक समाजवादी रणनीतिमा पुग्ने भरपर्दो उत्पीडित जनताको सैन्य दस्ताको रक्षा र विकास गरौं । हाम्रा लागि अर्को कुनै विकल्प छैन ।

*(नेकपाको मुखपत्र जनक्रान्ति–३ बाट साभार)*

## नेकपामाथिको ...

गर्दछौं ।

उक्त वक्तव्यमा नेकपा (क्रान्तिकारी माओवादी) का तर्फबाट महासचिव मोहन वैद्य 'किरण', नेकपाका तर्फबाट प्रतिनिधि सुलभ, नेकपाका तर्फबाट ऋषि कट्टेल, नेकपा (माओवादी केन्द्र) का तर्फबाट कर्णजित बुढाथोकी सुशील र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका तर्फबाट सीपी गजुरेलले हस्ताक्षर गरेका छन् । उक्त संयुक्त विज्ञप्तिमा यही वैशाख २७ गते शुक्रबार शान्तिबाटिकामा बृहत् विरोधसभा गर्ने पनि जनाइएको छ ।

## नेकपा स्थायी ...

आउने क्रममा प्रहरीले सुदर्शनसहित धर्म राजवाहक, रामकृष्ण खतिवडा, शङ्कर अधिकारी, विजय श्रेष्ठ, ललित तामाङ, सञ्जीव कार्की, देव घिमिरे र लोकेन्द्र खड्कालाई पनि गिरफ्तार गरेको थियो ।

गिरफ्तारीमा परेका सबै नेता-कार्यकर्तालाई प्रहरीले नक्खुमा एनसेल टावरमाथि भएको बम विस्फोटको घटनामा संलग्न रहेको भन्दै हिरासतमा राखेको थियो ।

यसैबीच नेता सुदर्शनले हातहतियार भेटिएको झूटो रिपोर्ट बनाएर प्रहरीले आफूहरूलाई जबर्जस्ती फसाउन खोजेको बताएका छन् ।

गत चैत २७ गते सर्वोच्चमा दिएको बयानका क्रममा नेता सुदर्शनले प्रहरीले आफूहरूलाई काभ्रेबाट गिरफ्तार गरेर ललितपुरको ठेचो ल्याइपुऱ्याउँदासम्म आफूहरूको झोलामा केही पनि त्यस्तो सामग्री नभए पनि मिसिलमा 'मेड इन जापान' भनेर लेखिएको पेस्तोल भेटिएको झूटो कुरा उल्लेख गरिएको बताएका छन् ।

'त्यो दिन आफूसँग उक्त 'मेड इन जापान' लेखिएको पेस्तोल भइदिएको भए त्यसबेला परि स्थिति भिन्नै हुनसक्थ्यो', उनले बयानका क्रममा भनेका छन् । केपी वली नेतृत्वको सरकारले नेकपामाथि प्रतिबन्ध लगाएपछि मात्रै पनि सयौं नेता-कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरिसकेको छ ।

वली सरकारले प्रतिबन्धलगाएयता गिरफ्तार पर्नेमा सुदर्शन सबैभन्दा माथिल्लो तहका नेता हुन् । सुदर्शनसहित पोलिटब्युरो सदस्य जीवन्त, केन्द्रीय सदस्य असल, आदर्श, विजय, बन्धुसहित ३ सयभन्दा बढी नेता-कार्यकर्ता अहिले पनि प्रहरी हिरासतमै छन् ।

## दमन नरोके ...

सदस्यहरू वसन्त श्रेष्ठ, चूडामणि ओली, चन्द्रबहादुर खड्का र बन्धु चन्द रहेका छन् । त्यसैगरी सयौंको सङ्ख्यामा ब्युरो सदस्य र जिल्ला सदस्यहरू गिरफ्तार भएका छन् । सरकारले घोषणा गरेको प्रतिबन्धको राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा व्यापक विरोध भैराखेको छ ।

## विद्यार्थीले दिए ...

बनाउन, निजी तथा सामुदायिक विद्यालयहरूले कानुनको धज्जी उडाउँदै विद्यालयलाई व्यापारिक स्थलजस्तो बनाएर पुस्तक, टाई, बेल्ट, युनिफर्म बेच्ने गरेकाले यस्तो कार्य निरुत्साहित गर्न, विद्यालय शिक्षामा दिइने विभिन्न छात्रवृत्ति अक्षरशः लागू गर्न, नागरिक बडापत्र राख्न र विगतमा शिक्षा मन्त्रालय र विद्यार्थी सङ्गठनबीच यसअघि भएको सहमति अक्षरशः लागू गर्न, संविधानमा मौलिक अधिकारका रूपमा राखिएको शिक्षालाई व्यावहारिक हिसाबले सम्पूर्ण विद्यार्थीलाई समेट्ने गरी कार्यान्वयन गर्न माग गरिएको छ ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकालले ज्ञापनपत्रमा हस्ताक्षर गरेका छन् ।

## सत्ताको तानाशाही...

आदर्शबाट विचलित नहुने कसम खान्छौं । विगत एक दसकदेखि हामी यो अभियानमा लामबद्ध छौं ।

एकखालका प्रक्रियावादीहरूलाई यो कुरा चित्त बुझेको छैन । उनीहरू यसलाई अशोक सुवेदीले बाउआमाको श्राद्ध गरेको रूपमा बुझ्छन् । उनीहरू सिर्जनानगरमा हुने भव्य साहित्यिक समारोह देख्दैनन् । असल बुहारीहरूलाई गरिएको सम्मान देख्दैनन् । गाउँले बालबालिकाले पढेका कविताहरू र त्यसको परिवर्तनकारी भाव देख्दैनन् । परम्परागत संस्कृतिका विरुद्धको अभियान देख्दैनन । लालआदर्श देख्दैनन् । सपनाहरू फुलेको र नयाँ संस्कृतिले जग हालेको देख्दैनन् । वास्तवमा धमिलो पानीमा माछा र चेपागाँडा मार्नेहरू परिवर्तनको सधैं विरोध गर्छन् । खुट्टा तान्छन् र भाँजो हाल्छन् । केही साउने प्रगतिशील भनिनेहरूसमेत यस्ता अभियानको खिलाफमा तीन हात तीन बित्ता उफ्रने गर्छन् । यस्तो हर्कत नियमित हुन्छन् नै ।

# विदेशीलाई नागरिकता दिलाउने राष्ट्रघाती कदम : गजुरेल



काठमाडौं : संवाद डबलीले आयोजना गरेको 'नागरिकतासम्बन्धी समस्या र समाधान' विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले सरकारलाई उक्त कदम सच्याउन आग्रह गरेका छन् । नेपाल सरकारले नागरिकता जस्तो संवेदनशील विषयमा गम्भीर भएर सोच्नुको सट्टा हतारमा निर्णय गरेर देशलाई कमजोर बनाउने दिशामा लागेको वक्ताहरुको बताए ।

नेकपा (क्रान्तिकारी-माओवादी) का नेता सीपी गजुरेलले नेपाल सरकारले विगतमा जस्तै यसपटक पनि लाखौं विदेशीलाई गैरकानुनी ढङ्गबाट नेपाली नागरिकता दिने निर्णय गरेको बताउँदै त्यसविरुद्ध कडा अन्दोलन गर्ने चेतावनी दिएका छन् । गजुरेलले संसद्को निर्णय सुन्नेसमेत धैर्य नगरेको बताउँदै भने, 'संसद्मा नागरिकतासम्बन्धि विधेयक विचाराधीन रहेकै अवस्थामा संसदीय पद्धतिको समेत उल्लङ्घन गरी वली-प्रचण्डहरूले संसदीय व्यवस्थाकै उपहास गरेका छन् । यिनीहरू निकै नैतिकहीन भए ।'

उक्त पार्टीको देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्षसमेत रहेका गजुरेलले दुइतिहाइको कम्युनिस्ट भनिएको सरकारले लाखौं भारतीय नागरिकहरूलाई नेपाली नागरिकता दिलाउने नीति अर्को राष्ट्रघाती कदम भएको पनि बताए । गजुरेलले देशलाई सिक्किमीकरण र फिजीकरणतिर लग्ने वर्तमान शासन व्यवस्थाविरुद्ध सशक्त आन्दोलन गर्ने चेतावनीसमेत दिए ।

पृथकतावादीलाई साथमा लिएर राजनीतिक दललाई प्रतिबन्ध लाउने सरकारको पञ्चायतकालीन रबैयाका विरुद्ध भन्दै आक्रोश प्रकट गर्दै गजुरेलले भने, 'सीकेलाई जेलबाट निकालेर अँगालो मार्ने, विप्लवलाई प्रतिबन्ध गरेर आगोको झिल्कोलाई डढेलोमा रूपान्तरित गर्ने काम भएको छ । यसलाई कसरी रोक्न सक्छ यो सरकारले ?' गजुरेलले सरकारको जनविरोधी तथा राष्ट्रघाती कदमविरुद्ध आन्दोलन गर्न आफूहरू विचार र मुद्दा मिल्ने शक्तिहरूसित कार्यगत एकता गर्न लागेको जानकारी पनि दिए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका महासचिव कर्णजित बुढाथोकीले वर्तमान सरकारका जनविरोधी कार्यले लामो सङ्घर्षपछि घोषित सङ्घीयतालाई असफल पार्न लागेको भन्दै चिन्ता व्यक्त गरे । जनगणतन्त्र नआएको अवस्थामा प्रदेशको आलोपालोमा कार्यकारी राष्ट्रपति निर्वाचित गर्ने व्यवस्था गर्नुपर्ने बताउँदै बुढाथोकीले भने, ँवर्तमान सरकारको बलमिच्याइँले प्रदेशहरू कमजोर बन्ने खतरा देखियो । यसको विकल्प सोच्ने बेला आयो ।ँ उनले उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा संवैधानिक आयोगका प्रमुखहरू अलगअलग प्रदेशबाट हुनुपर्ने व्यवस्था संविधानमै उल्लेख गर्न सकेमा शक्ति सन्तुलन हुने पनि बताए । उनले नागरिकतासम्बन्धी सरकारी निर्णय सरकारले नसच्याए डटेर विरोध गर्ने चेतावनीसमेत दिए ।

नेपाली काङ्ग्रेसका युवा नेता लोकेश ढकालले सरकारले दुईतिहाइको बलमिच्याइ गरिरहेको र आफैंले अख्तियार गरेको नीति तथा सिद्धान्तको बर्खिलापमा जानुले उसको आयु घट्दै गएको धारणा व्यक्त गरे । सरकारले पछिल्लोपटक ल्याएको गैरनेपालीलाई पनि नागरिकता दिने नीतिलले उसको राष्ट्रवाद अझ उदाङ्गो भएको धारणा राखे ।

त्यसैगरी सीमा, जल तथा नागरिकताका अध्येता रतन भण्डारीले दुई विशाल जनसङ्ख्या ओगटेका भारत र चीनबीचमा अवस्थित नेपालमा नागरिकताजस्तो संवेदनशील विषयमा बारम्बार राजनीति हुनु देश र जनताका लागि दुर्भाग्य भएको धारणा राखे । भण्डारीले जन्मका आधारमा निर्विवाद विदेशी नागरिकका सन्तानहरूलाई नागरिकता दिँदै आएको संयुक्त राज्य अमेरिकालगायत देशहरू उक्त कानुनी व्यवस्थामा कडिकडाउ गर्नेतिर लागेको परिवेशमा नेपालमा त्यही कुरालाई खुकुलो बनाउनुमा वास्तवमै कुनै विदेशीको दबाब तथा चासो रहेको आशङ्कासमेत गरे ।

गृह मन्त्रालयले चैत १९ गते सबै ७७ जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखी जन्मका आधारमा नागरिकता प्राप्त गर्नेको सन्तानलाई कानुनबमोजिम वंशजको नागरिकता दिने निर्णय भएको भनी कार्यान्वयन गर्न आग्रह गरेको थियो । त्यसअनुसार जिल्ला प्रशासन कार्यालयहरूले नागरिकता वितरण गर्न थालेका थिए । तर गृह मन्त्रालयको परिपत्र कार्यान्वयन नगर्न अन्तरिम आदेशको माग गर्दै वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतलाई विपक्षी बनाई सर्वोच्चमा रिट दायर गरेका थिए ।

उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश पुरुषोत्तम भण्डारीको एकल इजलासले पत्र यथास्थितिमा राख्न आदेश दिँदै मुद्दाका पक्ष र विपक्षलाई वैशाख ३ गते छलफलका लागि बोलाएको थियो । मङ्गलबार पक्ष र विपक्ष दुवै पक्षसँगको छलफलपछि सर्वोच्चले निवेदकले माग गरेअनुसार गृह मन्त्रालयको परिपत्र कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गर्नु नपर्ने निर्णय सुनाएसँगै जन्मका आधारमा नागरिकता दिने सरकारी निर्णय लागू भएको हो ।

# छुट्नेबित्तिकै पक्राउ परे पत्रकार महर्जन

**रातो खबर संवाददाता**/काठमाडौं



पत्रकार जितेन्द्र महर्जनलाई प्रहरीले आइतबार रिहा हुनासाथ सर्वोच्च अदालतको ढोकाबाटै पुनः गिरफ्तार गरेको छ । उनीमाथि राज्यविरुद्धको मुद्दा लगाइएको छ । नेपाल पत्रकार महासङ्घका तर्फबाट केन्द्रीय सदस्य जन्मदेव जैसीले दिएको बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइपछि महर्जनलाई रिहा गरिएको थियो तर उनलाई प्रहरीले बलप्रयोग गरेर पुनः गिरफ्तार गरेको हो ।

सर्वोच्च अदालतको गेटबाटै पत्रकार महर्जनलाई चैत २६ गते दिउँसो पनि बिनापुर्जी पक्राउ गरी गैरकानुनी थुनामा राखेको जिकिर गर्दै जैसीले दिएको रिटमा आइतबार सर्वोच्चका न्यायाधीशद्वय अनिलकुमार सिन्हा र डम्बरबहादुर शाहीको इजलासले रिहाको आदेश दिएको थियो ।

वस्तुनिष्ठ आधार र कारणबिना महर्जनलाई पक्राउ गरेको र अनुसन्धान भन्दै थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ को दफा ९ विपरीत रहेको सर्वोच्चको ठहर छ । 'निश्चित राजनीतिक आस्था भएकाले प्रवृत्त भावनाबाट कानुनको उचित कार्यविधि पालना नगरी थुनामा राख्न पनि नमिल्ने, पटकपटक म्याद थप गरी हिरासतमा राखिरहनु न्यायिक दृष्टकोबाट समेत औचित्यपूर्ण नदेखिएकले जितेन्द्र महर्जनको हकमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ', आदेशमा भनिएको छ ।

पत्रकार महर्जनलाई महानगरीय प्रहरी परिसर टेकुले पक्राउ गरी राज्यविरुद्धको कसुरसम्बन्धी मुद्दा लगाएको हो । समाचार सङ्कलनकै सिलसिलामा उनलाई विप्लवनिकट नेकपा कार्यकर्ता भन्दै प्रहरीले काठमाडौंबाटै पक्राउ गरेको थियो । उनको गिरफ्तारीविरुद्ध नेपाल पत्रकार महासङ्घलगायत सङ्घसंस्थासमेत आन्दोलित छन् ।



नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सिद्धार्थ बुद्ध ओभरसिज प्रा.लि.**
नारायणगोपाल चोक, चक्रपथ, काठमाडौं

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

पर्यटन विकास र राष्ट्को अर्थतन्त्रमा टेवा पुऱ्याउँदै आएको नेपालको पहिलो कफी उद्योग

**The Everest Coffee Mill (P) Ltd.**
G.P.O: 3479 Kesharmahal, Kathmandu, Nepal
phonePhone: +977-1-4413959
Fax: +977-1-4410925
E-mail: info@everestcoffee.com.np

नेपाल सरकार
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय

## नेपाल गुणस्तर तथा नापतौल विभाग

### उपभोक्ता वर्गमा जानकारी

सर्वसाधारण जनताको हितको लागि कुनै पदार्थको गुणस्तर निर्धारण गर्न एवं त्यस्तो पदार्थहरुमा गुणस्तरको प्रमाण-चिन्ह प्रयोग गर्न तथा नेपाल भरी मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने प्रमुख उदेश्य अनुसार यस विभाग कार्यरत रहदै आएको छ । नेपाल गुणस्तरहरुको निर्धारण नेपाल गुणस्तर परिषद्वाट स्वीकृत प्रदान भएपछि हुन्छ र यस्ता नेपाल गुणस्तरहरु स्वेच्छीक मात्र रहन्छ । वस्तुको गुणस्तर प्रमाणिकरण यस विभागवाट गराई नेपाल गुणस्तर प्रमाणचिन्ह () आफ्नो उत्पादनमा अंकित गर्न सकिन्छ । नेपाल गुणस्तर प्रमाणचिन्ह अंकित वस्तुले सम्वन्धीत नेपाल गुणस्तरमा तोकिएको आवश्यकताहरु अनिवार्य पालना गर्नु पर्दछ । साथै नेपाल राजपत्रमा सुचना प्रकाशन गरी अनिवार्य गरिएका नेपाल गुणस्तरको हकमा अनिवार्य नेपाल गुणस्तर प्रमाणचिन्ह अंकित गर्न इजाजत लिनु पर्दछ र हालसम्म अनिवार्य गरिएका निम्न वमोजिमका १२ ओटा वस्तुहरुको हकमा चिन्ह अंकित भएमा मात्र विक्रीवितरण एवं खरिद गर्न यस विभाग सवैमा अनुरोध गर्दछ ।

| | |
|---|---|
| १ साधारण पोर्टल्याण्ड सिमेन्ट | ७ जि.आई.वायर |
| २ साधारण स्लाग सिमेन्ट | ८ पि. भि. सी.केवल (हाउस वाइरिङ्ग) |
| ३ पोर्टल्याण्ड पोजोलोना सिमेन्ट | ९ एल.पि.जि.रेगुलेटर |
| ४ एल. पि. जि.सिलिण्डर | १० भल्भ फिटिङ्गस फर एल.पि.जी. सिलिण्डर |
| ५ ड्राइ सेल एण्ड व्याट्री | ११ कम्पोजिट ग्याँस सिलिण्डर तथा ट्यूव्स |
| ६ फलामे छड | १२ एल.पि.जी. वोटलिङ्ग अपरेशन |

**चिन्ह लागेको वस्तु नै किन ?**

- गुणस्तरको प्रत्याभूती, सुरक्षा, व्यापारमा बृद्धी, निर्यात प्रवद्धन, परिक्षण आदीवाट समय र शुल्कको वचावट ।
- गुणस्तर प्रमाणचिन्ह अंकित वस्तुहरु सवैको सहमतीमा निर्धारित गुणस्तर अनुसार उत्पादकले उत्पादन गरी स्थापित अन्तराष्ट्रिय विधी अनुसार गुण व्वस्थापन तथा परिक्षण भई गुणस्तरमा सुनिश्चितता प्रदान गरिएको हुन्छ ।


**नेपाल गुणस्तर तथा नापतौल विभाग**
वालाजु, काठमाडौं, फोन ०१ ४३५०४४५

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**Pigeon International Overseas Pvt. Ltd.**
بيجيون إنترناشيونال أوفرسيز الخاصة المحدودة
Samakhushi-26, Gongabu Town Planning, Kathmandu, Nepal
+977 1 435 8977, 438 3277
director1@pigeoninternational.com.np
info@pigeoninternational.com.np
www.pigeoninternational.com.np

www.prabhubank.com
PRABHU AGRO LOAN

**कृषिमा आत्मनिर्भरता आजको आवश्यकता**
प्रभु बैंकको कृषि कर्जा



विषेशताहरु
- ७० प्रतिशत सम्म कर्जा सुविधा
- १० बर्षसम्म कर्जा अवधि*
- सरल र सहज कर्जा प्रक्रिया
- व्याज अनुदान (नेपाल राष्ट्र बैंकले तोकेबमोजिम)*

prabhu Bank
Prabhu Building, Babarmahal | Phone:+977-1-4788500
Fax:+977-1-4780588 Email: info@prabhubank.com | Toll Free No.: 16600107777

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुराहमा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं